'सुरक्षित भविष्यका लागि सञ्चय कोष'

# सञ्चयकोष

कोषको ५४औं वार्षिकोत्सव विशेष

e-newsletter

विशेष अंक । वर्ष ३ । अंक ९ । २०७२ भाद्र ३१

## सञ्चय कोष र त्रिभुवन विश्वविद्यालयबीच सम्झौता



कर्मचारी सञ्चय कोष र त्रिभुवन विश्वविद्यालयबीच विश्वविद्यालयका कर्मचारीहरुको सञ्चय कोष जम्मा गर्ने सम्बन्धमा भएको सम्झौता पछि हस्ताक्षरपत्र आदानप्रदान गर्दै कोषका प्रशासक श्री कृष्णप्रसाद आचार्य र त्रि.वि.वि.का रजिष्ट्रार प्रा.डा. चन्द्रमणि पौडेल । **समाचार पृष्ठ १० मा ।**

## कोषको वितीय स्रोत परिचालन १ खर्ब ९५ अर्ब ९० करोड

कर्मचारी सञ्चय कोषको कुल वित्तीय स्रोत परिचालन १ खर्ब ९५ अर्ब ९० करोड रुपैंया पुगेको छ ।

कर्मचारी सञ्चय कोषको ५४ औं वार्षिकोत्सवको अवसरमा कोषका प्रशासक श्री कृष्णप्रसाद आचार्यले सो जानकारी दिनु भएको हो । प्रशासक आचार्यका अनुसार लेखापरीक्षण हुन बाँकी आर्थिक विवरण अनुसार २०७२ आषाढ मसान्तसम्म कुल वित्तीय स्रोतमध्ये १ खर्ब ८७ अर्ब ४३ करोड आयआर्जन हुने विभिन्न क्षेत्रमा लगानी भएको छ । जसमध्ये कर्जा तथा लगानीतर्फ १ खर्ब ८७ अर्ब ४३ करोडमध्ये सञ्चयकर्ता सापटीमा ५४.४९ प्रतिशत, बैंकहरुको मुद्दती निक्षेपमा १८.८२ प्रतिशत, सरकारी ऋणपत्रमा ७.७७ प्रतिशत, परियोजना कर्जामा १३.०५ प्रतिशत, बैंक तथा वित्तीय संस्थाहरुको शेयरमा १.१३ प्रतिशत र भवन तथा आवासमा ०.४० प्रतिशत रहेको छ । बाँकी ८ अर्ब ४७ करोड न्यून आय हुने क्षेत्र, स्थिर तथा चालु सम्पत्तिको रुपमा उपयोग भएको छ । आर्थिक वर्ष २०७१/७२ मा ऋण तथा लगानीबाट कोषमा प्राप्त व्याज तथा लाभाँश १४ अर्ब ७१ करोड र विविध आम्दानी २० करोड सहित कुल १४ अर्ब ९१ करोड आम्दानी भएको छ । "सो रकमबाट सञ्चयकर्तालाई प्रदान गरिएको व्याज तथा अन्य व्यवस्थापन खर्चमा कटाई १ अर्ब १७ करोड खुद बचत भएको छ ।," आचार्यले भन्नु भयो ।

प्रशासक आचार्यका अनुसार आर्थिक वर्ष २०७१/७२ का लागि निर्धारित वित्तीय लक्ष्य अनुरुप कुल स्रोतमा तरल सम्पत्तिको अनुपात २.८५ प्रतिशत र कोषको कुल आयमा सञ्चालन खर्चको अनुपात ५ प्रतिशतको सिमामा रहेको छ ।

प्रशासक आचार्यले कोषको आन्तरिक नियन्त्रण प्रणाली सवल बनाउन, कार्य प्रणालीलाई नियमित, व्यवस्थित र सुशासित बनाउन तथा सञ्चयकर्ताहरुको हकहित र अधिकार सुनिश्चित गर्न कर्मचारी सञ्चय कोष, संस्थागत सुशासन मागदर्शन, २०७१ तर्जुमा गरी कार्यान्वयन गरिएका जानकारी दिनुभयो ।

"कर्मचारी सञ्चय कोष ऐन, २०१९ मा समसामयिक सुधार गरी संशोधनका लागि अर्थमन्त्रालय समक्ष प्रस्तुत गरिएको, कोष सम्बन्धित सूचना सम्प्रेषण गर्न छुट्टै सूचना अधिकारीको व्यवस्था गरिएको,व्यवसायिक निरन्तरता योजना/विपद व्यवस्थापन योजना, २०७१ र कोषमा सूचना प्रविधिको उचित प्रयोग गर्न Information Technology Policy- IT Policy कार्यान्वयन गरिएको छ ।" प्रशासक आचार्यले भन्नु भयो । अन्तर्राष्ट्रिय सामाजिक सुरक्षण संस्था ( International Social Security Association-ISSA) को सम्वन्धन सदस्यता (Associate Membership) प्राप्त कोषले सन् २०१४ देखि Association of Development Financing Instititutions in Asia and the Pacific- ADFIAP को सदस्यता प्राप्त गरेको बताउनु भयो । प्रशासक आचार्यले भन्नु भयो, " आगामी दिनमा कोषको स्रोत व्यवस्थापन गर्न अर्न्तराष्ट्रिय सहयोग आदान प्रदान हुने छ ।"

"कोषले International Labour Organization, ILO सँग सहकार्य गरी सामाजिक सुरक्षाको विकास र दिगोपनामा थप सहयोग गर्ने योजना समेत वनाएको र उक्त संस्थाको सहयोगमा देशमा सार्वजनिक क्षेत्रका लागि योगदानमुखी निवृत्तिभरण योजना सञ्चालन गर्न अध्ययन प्रक्रिया समेत अघि वढाएको छ ।" प्रशासक आचार्यले थप्नुभयो, "आर्थिक वर्ष २०७१/७२ मा संचित रकममा ७.५ प्रतिशतका दरले व्याज प्रदान गरेको, मुनाफा वापत कुल सञ्चय कोष मौज्दातको ०.८५ प्रतिशत रकम सञ्चयकर्ताको व्यक्तिगत कोषकट्टी खातामा जम्मा गरिएको र सो वर्षको खूद मुनाफाबाट सञ्चयकर्ताहरुका लागि सामाजिक सुरक्षा सुविधा सञ्चालन गर्न सञ्चयकर्ता कल्याणकारी

... *बाँकी पृष्ठ ४ मा* »

## सञ्चय कोष सामाजिक सुरक्षा प्रदान गर्ने प्रमुख निकाय



**अध्यक्ष श्री सुमनप्रसाद शर्मा**

कर्मचारी सञ्चय कोषका अध्यक्ष तथा अर्थ मन्त्रालयका सचिव श्री सुमनप्रसाद शर्माले कोषको भावी कार्यदिशा राष्ट्रसेवामा जीवन अर्पण गरेका कर्मचारीहरुको सञ्चय कोष रकमको समुचित ब्यवस्थापनका साथै आधारभूत सामाजिक सुरक्षा प्रदान गर्ने प्रमुख निकायको रुपमा स्थापित हुनेतर्फ उन्मुख रहेको बताउनु भएको छ ।

सञ्चय कोषको ५४ वार्षिकोत्सवको अवसरमा अध्यक्ष शर्माले सो कुरा बताउनु भएको हो । अध्यक्ष शर्माले कोषमा अनिवार्य बचतको रुपमा श्रमजीवी कर्मचारीहरुबाट संकलित १ सय ९५ अर्ब बरावरको स्रोतलाई दीर्घकालीन कर्जा प्रवाहको माध्यमबाट देशको आर्थिक विकासमा योगदान पुर्‍याउने र सञ्चयकर्तालाई सामाजिक सुरक्षा प्रदान गर्ने दुबै जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्न कोष प्रतिबद्ध रहेको जानकारी दिनु भयो ।

अध्यक्ष शर्माले भन्नु भयो, "यस क्रममा सामाजिक सुरक्षामा समाहित हुन नसकेका स्वरोजगारमा संलग्न व्यक्ति, कर्मचारी, कामदार र मजदुरहरुलाई समेत सामाजिक सुरक्षाको सञ्जाल भित्रल्याउने कानूनी प्रयत्नहरु प्रारम्भ गरिसकिएको छ ।" देशका प्रमुख शहरहरुमा सञ्चयकर्ता आवास योजनाको विकास र विस्तार गर्ने र यसका लागि भगिनी संस्थाको स्थापना र सञ्चालन गर्ने, स्वास्थ्य सेवा अत्यन्त खर्चिलो रहन गएको वर्तमान सन्दर्भमा सञ्चयकर्तालाई स्वास्थ्य उपचारमा हुने आकस्मिक जोखिम कम गर्न योगदानमा आधारित स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गर्ने र प्रसुती तथा शिशु स्याहार कार्यक्रम लागू गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइने जानकारी उहाँले दिनुभयो । अध्यक्ष शर्माका अनुसार सञ्चयकर्ताको सेवा सुविधा अभिवृद्धिका लागि बैंकिङ्ग सञ्जाल र सूचना प्रविधिको प्रयोगलाई प्राथमिकता दिईएको छ। साथै उपलब्ध स्रोतको सुरक्षित र प्रतिफलयुक्त क्षेत्रमा परिचालन गर्ने, परियोजना कर्जाको असूलीलाई प्रभावकारी बनाई नियमित गर्ने, कोषको व्यावसायिक सम्पत्तिहरुको उचित व्यवस्थापन गर्ने, सञ्चयकर्ताबाट प्राप्त पृष्ठपोषणका आधारमा सेवाको गुणस्तरमा सुधार गर्ने, कोषमा उपलब्ध जनशक्तिको विकासगरी व्यवस्थापनमा सुधार गर्ने, आर्थिक अनुशासन र पारदर्शिता कायम गरी संस्थागत सुशासन कायम गर्ने, आन्तरिक नियन्त्रण प्रणालीलाई थप मजबुत बनाउने र नीहित जोखिमहरुको न्यूनीकरण गर्ने जस्ता सुधारात्मक कार्यहरु प्राथमिकतापूर्वक भइरहेका छन । साथै, कोषको वित्तीय व्यवस्थापन सुधारका लागि लेखा प्रणालीलाई क्रमशः International Financial Reporting Standards (IFRS) अनुरुप रुपान्तरण गर्दै लगेको छ । अध्यक्ष श्री शर्माले २०७२ बैशाख १२ गतेको विनासकारी भूकम्पपछिको प्रतिकूल र चुनौतीपूर्ण अवस्थामा समेत कोषलाई निरन्तर सहयोग गर्नु हुने सम्पूर्ण सञ्चयकर्ता र सम्बद्ध पक्षप्रति आभार ब्यक्त गर्दै सञ्चयकर्ताको हितमा समर्पित सवै पक्षलाई धन्यवाद दिनु भएको छ ।

## भित्री पृष्ठमा

कोष समाचार :

- साप्टीको ब्याजदर घट्यो
- सञ्चयकर्तालाई मुनाफा बितरण
- भूकम्पपीडितलाई राहत सहयोग
- वायुसेवा निगमलाई १० अर्ब
- कोष र त्रि.बि.बीच सम्झौता
- तामाकोशीको शेयर बांडफांट

दायरा बिस्तारतर्फ कोष :

- कोहलपुरमा कोषको कार्यालय
- शैक्षिक सापटी बिस्तार

गतिविधिहरु :

- कर्मचारी हक हितमा संगठनहरु

**कर्मचारी सञ्चय कोष ५३ औ वर्ष पूरा गरी ५४ औ वर्ष प्रवेश गरेको सुखद् उपलक्ष्यमा हामी हाम्रा समस्त सञ्चयकर्ताहरुमा हार्दिक मंगलमय शुभ-कामना व्यक्त गर्दछौ ।**

## सम्पादकीय

# सञ्चयकर्ता र राष्ट्रप्रति कोष प्रतिबद्ध

कर्मचारी सञ्चय कोषले संकलित पुँजीको बहुपक्षिय लगानी मार्फत आफुलाई राष्ट्रिय समाजिक सुरक्षा प्रदायकको रुपमा स्थापित गर्दै आएको छ । यसका अतिरिक्त करिब ५ लाख सञ्चयकर्ताहरुको आशा एवं भरोसा भएको कोषलाई अन्तर्राष्ट्रियस्तरको सामाजिक संस्थाको रुपमा स्थापित गर्ने बृहत दृष्टिकोण सहित कोष व्यवस्थापन निरन्तर परिलक्षित रहेको छ ।

हाल संगठित क्षेत्रमा रहेका सिमित सञ्चयकर्ताहरु बाहेक असंगठित क्षेत्रमा रहेका कामदार कर्मचारीहरु र स्वरोजगारमा संलग्न ठूलो वर्ग सामाजिक सुरक्षाको दायराबाट बाहिरै रहेको छ । सामाजिक सुरक्षाको दायरा भित्र उनिहरुलाई समाहित गर्ने यो चुनौतिबाट कोष व्यवस्थापन अनभिज्ञ छैन । यसका लागि कोषले विभिन्न स्तरमा आफ्नो सेवा र सुविधाबारे कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । यसबाट प्राप्त हुदै आएको सकारात्मक परिणामहरुले हामीलाई आशावादी समेत बनाएको छ ।

मुलुकको आर्थिक विकासमा विद्यमान समस्याहरु समाधानको क्रममा रहेकोले आगामी दिनमा कोषमा साकलित पुँजीको परिचालन सकारात्मक अवस्थामा रहने अनुमानले हामीलाई थप प्रेरणा मिलेको छ । मुलुकको पूर्वाधार निर्माण, जलस्रोतको विकास लगायत अन्य राष्ट्रिय महत्वका जनकल्याणकारी परियोजनाहरुको सञ्चालनमा आवश्यक भूमिका निर्वाह गर्न कोष कटिबद्ध रहेको छ । यसबाट सिर्जना हुने अवसरले सञ्चयकर्ताको सुविधालाई अभिवृद्धि गर्न नयाँ आयामहरुको ढोका खुल्न सक्ने हामीलाई लागेको छ । कोषले नेपाल सरकारसँगको सहकार्यमा सञ्चयकर्ताको स्वास्थ्य सुविधामा नीहित जोखिम कम गर्न स्वास्थ्य बीमा योजना लागू गर्ने तर्फ पक्रिया अगाडि बढाउनुलाई यसै परिप्रेक्षमा लिइनु पर्दछ ।

यस शन्दर्भमा, सञ्चयकर्ताको हित र सुरक्षाका लागि सञ्चयकर्ता औषधोपचार सहयोग कार्यक्रम, काजकिरिया अनुदान, दुर्घटना क्षतिपूर्ति जस्ता सामाजिक सुरक्षा कार्यक्रमहरु र आवास, शिक्षा र अन्य सामाजिक कार्यको आवश्यकता पूर्तिका लागि विभिन्न प्रकारका सापटी प्रदान गर्ने कार्यलाई कोषले निरन्तरता दिइनै रहेको छ ।

सञ्चयकर्तालाई स्थानीयस्तरमै प्रविधियुक्त प्रभावकारी सेवा प्रदान गर्ने कार्यलाई प्राथमिकता दिई शाखा र सेवा केन्द्र विस्तार गर्दै जाने कार्यक्रमले गुणस्तरिय सेवा दिने कोषको प्रतिवद्धतालाई अवश्य पनि साकार तुल्याउने छ ।

सञ्चयकर्ताको हित र उनिहरुको संरक्षणनै हाम्रो सेवाको मूल मन्त्र भएकोले हामीबाट प्रवाह हुने हरेक सेवा र आचरण यही मन्त्रबाट निर्देशित हुनु पर्दछ भन्ने कुरामा कोष व्यवस्थापन जहिले पनि प्रतिवद्ध रहँदै आएको छ ।

सञ्चयकर्ताको हितलाई दृष्टिगत गरी कोषको ऋण तथा लगानीको अधिकतम सुरक्षा र असूलीको पूर्ण प्रत्याभूति गर्न आवश्यक भएकाले संस्थागत सुशासन मार्फत कोषका कारोबारमा निहित जोखिमहरुको न्युनीकरण गर्ने उपायको भरमग्दुर अवलम्बन गरिंदै आएको छ । यसका लागि आन्तरिक नियन्त्रण प्रणाली मजबुत बनाउन कोष व्यवस्थापन प्रतिबद्ध रहेको छ । साथै, कोषको वित्तीय सेवा र परिचालन कार्यमा संलग्न अन्य संस्थाहरुसँगको सम्बन्ध र सहकार्यलाई थप पारदर्शितासहित शुन्य जोखिममा आधारित उपायहरुको खोजी एवं परिपालन गर्न कोष चुक्ने छैन ।

अन्त्यमा, कोष स्थापनाको ५४ औं वार्षिकोत्सवको अवसरमा आफ्नो सेवा र कार्यको प्रभावकारीता कायम राख्न पारदर्शीता र जवाफदेहिता तथा कार्यदक्षता र कार्यक्षमता जस्ता स्थापित व्यवस्थापकिय मर्म संस्थाको विश्वसनियता बढाउने माध्यम भएकोले यसको अबलम्बनप्रति कोष व्यवस्थापन जहिले पनि तत्पर रहेको प्रतिबद्धता जनाउन पाउनु हाम्रा लागि संतोषको विषय हो । यस अवसरले कोषको प्राथमिकतामा रहेको व्यवस्थापकिय सुधारका कार्यले आगामी दिनमा संस्थागत सुदृढिकरणको पक्षलाई बलियो बनाउन अवश्य पनि प्रेरणाको काम गर्ने छ । यसबाट सञ्चयकर्ता, कर्मचारी र समग्र राष्ट्रलाई नै लाभान्वित तुल्याउने कोषको अपेक्षा रहनु अतिशयोक्ति नहोला भन्ने हामीलाई लागेको छ ।



# भुकम्प पीडितलाई राहत सहयोग



**भुकम्पपीडितको सहयोगार्थ प्रधानमन्त्री तथा मन्त्रीपरिषदका सचिव श्री नारायणगोपाल मलेगोलाई रु. २ करोड ५६ लाख ८६ हजार ६ सय रुपैयाको चेक हस्तान्तरण गर्नुहुदै कोषका प्रशासक श्री कृष्णप्रसाद आचार्य ।**

कर्मचारी सञ्चय कोषले यही बैशाख १२ गते शनिबार गएको विनासकारी महाभुकम्पले सिर्जना गरेको राष्ट्रिय शोकको घडिमा सहयोग पुर्याउने उद्देश्यले कोषमा कार्यरत सम्पूर्ण कर्मचारीहरुको तर्फबाट भुकम्प पीडितहरुलाई राहत स्वरुप सुरु तलब स्केलको १५ दिनको तलब बराबरको रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा प्रदान गर्ने निर्णय गरेको छ ।

२०७२ वैशाख १६ गते बसेको सञ्चालक समितिको निर्णय अनुसार महाभुकम्पमापरी मृत्यु भएकाहरुको आत्माको चिर शान्ति र घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै देशका विभिन्न भागमा भएको धनजनको क्षतिप्रति कोष परिवारåfरा गहिरो दुःख व्यक्त गरिएको छ । सञ्चालक समितिको सोही बैठकले कोष व्यवस्थापनद्वारा प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा २ करोड रुपैयाँ प्रदान गर्ने निर्णय समेत गरेको छ ।

# सञ्चय कोषलाई बीपीए अवार्ड

कर्मचारी सञ्चय कोषले आर्थिक वर्ष २०७०/७१ का लागि उत्कृष्ट वार्षिक प्रतिवेदन पुरस्कार (Best Presented Annual Report Awards) प्राप्त गर्न सफल भएको छ ।

नेपाल चार्टर्ड एकाउण्टेन्ट्स संस्था (आईक्यान) ले हरेक वर्ष प्रदान गर्दै आएको उक्त पुरस्कार सार्वजनिक क्षेत्र निकाय अन्तर्गत कोषले दोस्रो पटक प्राप्त गरेको हो । यसअघि आर्थिक वर्ष २०६९/७० का लागि पनि कोषले उक्त पुरस्कार प्राप्त गर्न सफल भएको थियो । आईक्यानले विभिन्न विधाहरुका लागि हरेक वर्ष उक्त पुरस्कार प्रदान गर्दै आईरहेको छ ।




२०७२ श्रावण ६ गते नेपाल आईक्यानद्वारा आयोजित एक समारोहबीच माननिय अर्थमन्त्री डा. रामशरण महतबाट कोषका प्रशासक श्री कृष्णप्रसाद आचार्यले उक्त पुरस्कार ग्रहण गर्नुभएको हो ।

# कोहलपुरमा कोषको नयाँ शाखा

कर्मचारी सञ्चय कोषले आफ्ना सञ्चयकर्ताहरुको सुविधालाई ध्यानमा राखेर स्थानीय स्तरमा नै कोषको सेवा सुविधा उपलब्ध गराउन बाँकेको कोहलपुरमा नयाँ शाखा कार्यालय सञ्चालनमा ल्याएको छ । शाखा कार्यालयको उद्घाटन गत भदौ २९ गते कोष सञ्चालक समितिका अध्यक्ष दुर्गानिधि शर्माले गर्नु भएको थियो । उद्घाटन अवसरमा कोषका प्रशासक कृष्णप्रसाद आचार्यलगायत कोषका उच्चपदस्थ अधिकृतहरुको समेत उपस्थिति रहेको थियो ।

कोहलपुरमा सञ्चालन भएको शाखा कार्यालयले सञ्चयकर्ताको सञ्चय कोष कट्टी रकम संकलन, विशेष सापटी तथा सेवाबाट अवकाशपश्चात कोष रकम भुक्तानी, औषधोपचार, काजकृया अनुदान लगायतका सामाजिक सुरक्षा सुविधा प्रदान, परिचयपत्र समर्थन, घरसापटी लगायतका सुविधा प्रदान गर्ने छ ।

## कोषको एस.एम.एस. (SMS) सेवा सम्बन्धि जानकारी

- हाललाई नेपाल टेलिकमको GSM मोवाईल प्रयोगकर्ता सञ्चयकर्ताले आफनो सञ्चय कोष रकम, घरसापटी तथा शैक्षिक ऋण आदिको विवरण वुझ्न यो सेवा प्रयोग गर्न सक्नेछ ।
- यो सेवा लिन चाहने सञ्चयकर्ताले कोषवाट निर्धारित आवेदन फाराम (कोषको website वाट डाउनलोड गर्न सकिने ) भरेर Username ,र pincode कोषवाट लिनु पर्नेछ ।
- कोषवाट Username, password र pincode लिएका सञ्चयकर्ताले आफनो मोवाईलको Message Box मा गएर कोषले आफ्लाई उपलब्ध गराएको pincode टाइप गरेपछि space दिएर BAL टाईप गरी ५७५० मा SMS पठाउनु पर्दछ ।
- सञ्चयकर्ताले पठाएको SMS को जवाफमा कोषले सञ्चयकर्ताको कोष रकम, विशेष सापटी, घरसापटी तथा शैक्षिक ऋण आदिको विवरण SMS मार्फत मोवाईलमा पठाउनेछ ।
- कोषका सवै शाखावाट यो सेवा प्राप्त हुने व्यवस्था छ । यो सेवा उपयोग गरे वापत सेवा प्रदायक नेपाल टेलिकमले लिने दस्तुर मात्र लाग्नेछ ।

# कोषबाट नयाँ ब्याजदर निर्धारण

कोषले २०७२ श्रावण १ गतेदेखि लागू हुने गरी नयाँ ब्याजदर निर्धारण गरेको छ ।

कोषको स्रोत परिचालनबाट प्राप्त आम्दानी, ब्याज खर्च, सामाजिक सुरक्षा कार्यक्रमहरुको कार्यान्वयनमा हुने खर्च, पूँजीगत तथा सञ्चालन खर्चको प्रवृत्ति र सोबाट कोषको समग्र वित्तीय अवस्थामा पर्ने प्रभाव समेतको आधारमा कोष सञ्चालक समितिले सञ्चयकर्तालाई सञ्चित कोष रकममा दिने र कर्जा सापटीमा लिने ब्याजदरमा परिमार्जन गरी लागु गरेको जनाएको हो ।

नयाँ व्यवस्था अनुसार सञ्चय कोष रकममा सञ्चयकर्तालाई हाल प्रदान गरिआएको ७.५ प्रतिशत ब्याजदरलाई परिमार्जन गरी ६.७५ प्रतिशत कायम गरिएको छ । सञ्चयकर्तालाई विशेष सापटीमा हाल कायम रहेको ब्याजदर ९ प्रतिशतलाई परिमार्जन गरी ८.२५ प्रतिशत कायम गरिएको छ । सेवामूलक सापटीको रुपमा सञ्चयकर्तालाई प्रदान गरिआएको घर सापटी र शैक्षिक सापटीमा हाल लिँदै आएको ९ प्रतिशतलाई परिमार्जन गरी ८.२५ प्रतिशत र सरल चक्र कर्जामा हाल लिँदै आएको १० प्रतिशतलाई परिमार्जन गरी ९ प्रतिशत कायम गरिएको छ ।

यसअघि सम्पूर्ण कोषकट्टी फिर्ता भुक्तानी लगिसकेका र सापटी चुक्ता गरिसकेका सञ्चयकर्ताको हकमा साविककै ब्याजदर कायम हुने जनाइएको छ ।

त्यसैगरी, ०७२ बैशाख १२ गतेको विनाशकारी भूकम्प र त्यसपछिको पराकम्पनको कारण सञ्चयकर्तालाई परेको प्रभावलाई दृष्टिगत गरी कोषबाट प्रवाह भएको घरसापटी, शैक्षिक सापटी र सरल चक्र कर्जामा समयमा किस्ता नबुझाउने सञ्चयकर्तालाई थप १ प्रतिशत ब्याज लिई आएकोमा चालु आर्थिक वर्षमा नलिने र आर्थिक वर्ष ०७१/०७२ मा लिइएको त्यस्तो ब्याज छुट दिने जारी परिपत्रमा उल्लेख छ ।

कोषले विभिन्न शिर्षकमा सञ्चयकर्ताहरुको लागि निर्धारण गरेको ब्याजदरको विवरण

| आर्थिक वर्ष | कोष | विशेष सापटी | पुरानो घर सापटी | घर सापटी | शैक्षिक ऋण | सरलचक्र कर्जा |
|---|---|---|---|---|---|---|
| | ब्याजदर % | ब्याजदर % | ब्याजदर % | ब्याजदर % | ब्याजदर % | ब्याजदर % |
| २०६८/६९ | ८ | ९.२५ | ११ | ११ | ११ | १२ |
| २०६९/७० | ७.५ | ९.०० | १० | ९.५ | ९.५ | १०.५० |
| २०७०/७१ | ८ | ९.५ | १० | ९.७५ | ९.७५ | ११ |
| २०७१/७२ | ७.५ | ९.०० | १० | ९ | ९ | १० |
| २०७२/७३ | ६.७५ | ८.२५ | - | ८.२५ | ८.२५ | ९ |



## पुल्चोकमा पनि सञ्चयकर्ता सेवा केन्द्र

कर्मचारी सञ्चय कोषका अध्यक्ष श्री सुमनप्रसाद शर्माले कोषको केन्द्रीय कार्यालय, पुल्चोकस्थित कार्यालय परिसरमा सञ्चयकर्ता सेवा केन्द्रको उद्घाटन गर्नुभएको छ ।

कोष स्थापनाको ५४ वर्ष प्रवेशको अवसरमा भदौ ३० गते आयोजित एक कार्यक्रमबीच सेवाकेन्द्रको उद्घाटन भएको हो । सो अवसरमा कोषका प्रशासक श्री कृष्णप्रसाद आचार्य लगायत बरिष्ठ अधिकृतहरुको उपस्थिति रहेको थियो । सेवाकेन्द्रको स्थापनाबाट ललितपुर जिल्लाका सञ्चयकर्ताहरु लाभान्वित हुने कोषले जनाएको छ ।

# कोष दायरामा आउन आग्रह

कर्मचारी सञ्चयकोष हेटौडा शाखा कार्यालय र हेटौडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय हेटौडाको संयुक्त आयोजनामा एक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । औद्योगिक क्षेत्रभित्र स्थापित उद्योग प्रतिष्ठानमा कार्यरत मजदूरहरुलाई सञ्चय कोषको दायरामा समावेस गर्ने उद्देश्यले अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको थियो ।

गत फागुनमा हेटौडा औद्योगिक क्षेत्र व्यवस्थापनको कार्यालयमा आयोजित कार्यक्रममा कोषका नायव मुख्य अधिकृत बीरेन्द्र मोहन भट्टराईले सञ्चयकोषले काठमाडौं ठमेलस्थित कार्यालयबाट सेवाग्राहीहरुको सुविधाको लागि सार्वजनिक बिदाको दिनमा तथा कार्यालय समय अघिपछि पनि सेवाहरु उपलब्ध गराईरहेको बताउनु भयो । आगामी दिनमा यस किसिमको सेवाहरु अन्य शाखा कार्यालयहरुबाट समेत उपलब्ध गराउने तयारी भइरहेको उहाँले जानकारी गराउनु भयो ।

हेटौडा शाखा कार्यालयका प्रमुख ओमकृष्ण श्रेष्ठले कोषले सेवाग्राहीहरुको लागि विभिन्न किसिमका सेवा तथा सुविधा प्रदान गरिरहेको र आगामी दिनमा थप सुविधाहरु प्रदान गर्न लागेको जानकारी दिनुभयो । उहाँले हेटौडा औद्योगिक क्षेत्रभित्र स्थापित अधिकाश उद्योग तथा प्रतिष्ठानहरु सञ्चय कोषको दायराभित्र समेटिएको भएपनि अझै केही प्रतिष्ठानहरु कोषमा नसमेटिएकोले कोषको दायरामा आउनको लागि अनुरोध गर्नुभयो ।

हेटौडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयका व्यवस्थापक दिलिपकुमार श्रेष्ठले सञ्चय कोषमा रकम जम्मा गर्दा औद्योगिक क्षेत्रमा कार्यरत कामदारहरुको मात्र हित नभई उद्योग प्रतिष्ठानका मालिकहरुको समेत हित हुने भएकोले आफ्ना कामदारहरुको सञ्चय कोष व्यवस्था गर्न सम्बन्धित उद्योगीहरुलाई आग्रह गर्नुभयो । कार्यक्रममा हेटौडा उद्योग संघका अध्यक्ष ऋषिराम घिमिरेले कोषले आयोजना गरेको कार्यक्रमको निरन्तरताको कामना गर्दै सञ्चयकोषको दायरामा नसमेटिएका उद्योग तथा प्रतिष्ठानहरुलाई कोषमा सहभागि हुन आग्रह गरिने बताउनुभयो । कार्यक्रममा हेटौडा औद्योगिक क्षेत्रभित्र स्थापित ४६ वटा उद्योग तथा प्रतिष्ठानमा कार्यरत उद्योगी तथा कामदारहरुको सहभागिता रहेको थियो ।

"सुरक्षित भविष्यको साथी
कर्मचारी सञ्चय कोष"

# एयरबस खरिद गर्न निगमलाई १० अर्ब ऋण

कोषले नेपाल वायु सेवा निगमलाई २ वटा एयरबस खरिद गर्न १० अर्ब रुपैयाँ ऋण सहयोग प्रदान गरेको छ । कोषले नेपालको पर्यटन क्षेत्रको विकासलाई सहयोग पुर्याउने उद्देश्यले निगमलाई सो ऋण सहयोग प्रदान गरेको हो ।

नेपाल सरकारको जमानतमा प्रदान गरिएको सो ऋणबाट निगमले एयरबस ३२०–२०० खरिद गरी उडान समेत सुरु गरी सकेको छ । १५८ सिट क्षमता भएको पहिलो एयरबसले ०७१ फागुन १५ देखि व्यवसायिक उडान गरेको छ भने दोस्रो एयरबसले ०७२ बैशाख ३१ देखि व्यवसायिक उडान गरेको छ ।
यसअघि, एयरबसको निर्माण अवस्था अध्ययन गर्नका लागि कोषको तर्फबाट मुख्य अधिकृत हसना शर्माको नेतृत्वमा ४ सदश्यीय अवलोकन टोली एयरबस निर्माण भइरहेको स्थान जर्मनको ह्यामवर्ग गएको थियो । अवलोकन टोलीमा कोषको लगानी विभागका विभागीय प्रमुख दुर्गाप्रसाद सुवेदी, बरिष्ठ प्रवन्धक जीवनकुमार कटुवाल र परियोजना विश्लेषण तथा जोखिम व्यवस्थापन विभागका बरिष्ठ प्रवन्धक विजयकुमार श्रेष्ठ सहभागी हुनुहन्थ्यो ।




# निजी विद्यालयहरुलाई समेटिन कोषको आह्वान

कर्मचारी सञ्चय कोष योजना अनुगमन तथा मूल्यांकन विभागका विभागिय प्रमुख लक्ष्मीप्रसाद श्रेष्ठले कोषले आफ्नो दायरा विस्तार गरी निजी क्षेत्रका विद्यालयहरुलाई समेत समेट्ने उद्देश्य राखेको बताउनु भएको छ ।

कर्मचारी सञ्चय कोषका विविध क्रियाकलाप तथा सेवा सुविधाको सम्बन्धमा निजी क्षेत्रबाट सञ्चालित माध्यामिक तथा उच्च माध्यमिक विद्यालयका सञ्चालक तथा प्रिन्सिपलहरुलाई जानकारी दिने उद्देश्यले कोषले गत २०७१ फागुन १४ गते चितवनको भरतपुरमा एक अन्तरक्रिया कार्यक्रममा विभागीय प्रमुख श्रेष्ठले सो कुरा बताउनु भएको हो, साथै कोषमा रकम जम्मा गर्दा सञ्चयकर्ताहरुले विविध किसिमका सेवा तथा सुविधाहरु प्राप्त गर्ने भएकोले सबै निजी विद्यालयहरुलाई कोषको दायरामा आउनको लागि आह्वान गर्नुभयो ।

चितवन जिल्लाका प्रमुख जिल्ला शिक्षा अधिकारी दामोदर आचार्यको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा कर्मचारी सञ्चय कोष, शाखा कार्यालय हेटौडाका प्रमुख ओमकृष्ण श्रेष्ठले कोषका क्रियाकलापहरुको बारेमा प्रस्तुती गर्नुभएको थियो । कार्यक्रममा बोल्दै जिल्ला शिक्षा अधिकारी आचार्यले निजी विद्यालयहरु पनि भौतिक तथा आर्थिक रुपबाट सम्पन्न हुन थालेकोले शिक्षक, कर्मचारी, कामदारको सामाजिक सुरक्षाको लागि सञ्चय कोषको व्यवस्था गर्न आग्रह गर्नुभयो । निजी विद्यालय संगठन प्याब्सनको केन्द्रीय अध्यक्ष लक्ष्य वहादुर केसीले कर्मचारी सञ्चय कोषले स्थानिय स्तरमा गरेको कार्यक्रमको प्रशंसा तथा स्वागत गर्दै यस किसिमका कार्यक्रम केन्द्रीय स्तरमा समेत आयोजना गर्न अनुरोध गर्नुभयो । कार्यक्रममा प्याब्सन चितवनका जिल्ला अध्यक्ष वेल वहादुर गुरुङले निजी विद्यालयहरुको आम्दानीको स्थायित्व नभएको कारणले गर्दा चाहेर पनि कोषको दायरामा समेटिन नसकेको चर्चा गर्दै आगामी दिनमा चितवन जिल्लाका निजी विद्यालयहरुलाई कोषको दायरामा समेट्न पहल गर्न बताउनुभयो ।

कार्यक्रममा सहभागि विद्यालयका सञ्चालक तथा प्रिन्सिपलहरुले कोषको सम्बन्धमा विभिन्न जिज्ञासाहरु राख्नुभएको थियो ।

### ३८ औं एडीएफआईएपी साधारण सभा

# दिगो पूर्वाधारका चुनौती र अवसरका लागि पूर्व तैयारी आवश्यक

गत मे १३ देखि १५ सम्म भियतनामको न्हा त्राङमा एसोसिएसन अफ डिभलपमेन्ट फाइनान्सिंग ईन्स्टिच्युसन अफ एसिया यासिफिक (एडीएफआईएपी) को अठतीसौं साधारण सभा सम्पन्न भएको छ। सो साधारण सभामा कर्मचारी सञ्चय कोषको तर्फबाट का.मु. मुख्य अधिकृत राजेन्द्र काफ्ले र विभागिय प्रमुख जितेन्द्र धितालको सहभागीता रहेको थियो। साधारण सभाको नारा 'दिगो पूर्वाधारको चुनौती र अवसरका लागि एसिया प्यासिफिक क्षेत्रको आवश्यक तयारी' रहेको थियो। साधारण सभामा एडीएफआईएपीका सदस्य संस्थाहरु, सदस्यहरु लगायत आमन्त्रित गरी ३० देशका १५० जनाको सहभागीता रहेको थियो।

सभाले एसिया प्रशान्त क्षेत्रको दिगो विकासका लागि बढदो अवसर र चुनौति र आवश्यक तयारीको सन्दर्भमा विस्तृत छलफल गरी नीतिगत संरचना, कार्यान्वयन पद्धति र यसको उपयोगिताको बारेमा बहुपक्षिय निष्कर्ष तय गरेको थियो।

भियतनाम डिभलपमेन्ट बैंकको आतिथ्यमा आयोजित दुई दिने बैठकमा रशिया, फिलिपिन्स, बेलारुस, भियतनाम लगायतका विकास बैंकहरुबाट भोगी आएको चुनौती र अवसरहरुका बारे मा कार्यपत्र प्रस्तुत गरिएको थियो।

एडीएफआईएपीको साधारण सभाले सदस्य तथा अन्य सरोकार वालाहरुलाई चालु र नयाँ विकासका मुद्दाहरुको पहिचान एवं तिनको समाधानका लागि अवलम्बन गरिँदै आएको उपायहरुको बारेमा अनुभवको आदानप्रदान गर्न उपयुक्त मञ्च प्रदान गर्दै आएको छ।



एसोसिएसन अफ डिभलपमेन्ट फाइनान्सिंग ईन्स्टिच्युसन अफ एसिया प्यासिफिक (एडीएफआईएपी)को अठ्तीसौं साधारण सभामा संस्थागत सहभागीहरु। *तस्वीर : एडीएफआईएपी*

# कोष र कोरियन नेशनल पेन्सन सर्विसबीच सम्झौता हुने

कर्मचारी सञ्चय कोष र कोरियाको नेशनल पेन्सन सर्विसबीच समूहगत क्रियाकलाप सम्बन्धी समझदारी सम्झौतामा हस्ताक्षर हुने भएको छ।

कर्मचारी सञ्चय कोषका प्रशासक श्री कृष्णप्रसाद आचार्य नेशनल पेन्सन सर्विसद्वारा सञ्चालित 'ट्रेनिङ कोर्स अन पब्लिक पेन्सन इन एसिया/प्यासिफिक' मा सहभागी रहँदा उक्त समझदारी बनेको हो। सेप्टेम्बर २२ देखी २३ सम्मको कार्यक्रममा कोष र नेशनल पेन्सन सर्विस अफ द रिपब्लिक अफ कोरियाबीच निबृत्तिभरण योजना सम्बन्धी सूचना आदान प्रदानका साथै शिक्षा, तालिम, अनुसन्धान र प्रविधि हस्तान्तरणजस्ता विषयमा समूहगत क्रियाकलापका साथै सम्बन्धित विषयमा योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने सम्बन्धमा समझदारी बनेको थियो। यससम्बन्धी सम्झौतामा दुवै संस्थाबीच निकट भविष्यमै हस्ताक्षर हुने जनाइएको छ।

प्रशासक आचार्य कोरियामा रहँदा आईसीडी कोरिया पोलिसी, हेल्थ एन्ड सोसियल पोलिसी प्रोग्रामको आयोजनामा सम्पन्न नवौं 'पेन्सन एक्सपर्ट मिटिङ इन एसिया प्यासिफिक रिजन' मा पनि सहभागी हुनु भएको थियो।

## इलेक्ट्रोनिक फाँटवारी पठाउन आग्रह



कर्मचारी सञ्चयकोष शाखा कार्यालय हेटौडाले मकवानपुर जिल्लामा रहेका सरकारी कार्यालयहरुबाट इलेक्ट्रोनिक फाँटवारी संकलन गर्ने विषयबारे एक अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको छ।

गत जेठमा कोष तथा कोष तथा लेखा नियन्त्रण कार्यालय मकवानपुरको सह-आयोजनामा सो कार्यक्रम सम्पन्न भएको थियो।

उक्त कार्यक्रममा शाखा कार्यालय हेटौडाका प्रमुख ओमकृष्ण श्रेष्ठले कोषको फाँटवारीसँग सम्बन्धित विविध जानकारी सहभागीलाई दिनुभएको थियो। उहाँले इलेक्ट्रोनिक फाँटवारी पठाउँदा सम्बन्धित कार्यालयलाई हुने फाइदाको बारेमा जानकारी गराउँदै परम्परागत फाँटवारीमा देखिएका समस्याबारे अवगत गराउनु भएको थियो। कार्यक्रममा शाखा कार्यालय हेटौडाका बरिष्ठ कम्प्युटर सहायक निरज रिजालले इलेक्ट्रोनिक फाँटवारी तयार गरी कोषमा पठाउने तरिका प्रस्तुत गर्नुभएको थियो।

कार्यक्रममा मकवानपुरका प्रमुख कोष नियन्त्रक कृष्ण प्रसाद पोखरेलले कर्मचारी सञ्चय कोषले शुरु गरेको इलेक्ट्रोनिक फाँटबारी संकलन गर्ने कार्यलाई सबै कार्यालयले सहयोग गर्नुपर्ने बताउँदै निजामती सेवाको लेखा शाखामा कार्यरत कर्मचारीहरुलाई प्रविधिको अवलम्बन गर्न आग्रह गर्नुभएको थियो।

को.ले.नि.का. मकवानपुरका प्रमुख कोष नियन्त्रक कृष्ण प्रसाद पोखरलेको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा जिल्लाका ६० भन्दा बढी सरकारी कार्यालयका लेखा शाखामा कार्यरत कर्मचारीहरुको सहभागिता रहेको थियो।

## कोषको वित्तीय स्रोत परिचालन...

कोषमा एकमुष्ठ २७ करोड २९लाख बाँडफाँड गरेको छ।"

"कोषले आर्थिक वर्ष २०७१/७२ मा सञ्चयकर्ता कल्याणकारी कोषवाट सामाजिक सुरक्षा सुविधा अर्न्तगत दुर्घटना क्षतिपूर्ति कार्यक्रम शीर्षकमा ८७ जना सञ्चयकर्तालाई ८७ लाख, काजक्रिया अनुदान योजना शीर्षकमा ८०४ जना सञ्चयकर्तालाई १ करोड ९८ लाख ६९ हजार र सञ्चयकर्ता औषधोपचार सहयोग योजना शीर्षकमा ४१ जना सञ्चयकर्तालाई ७ लाख ७९ हजार सहयोग रकम भुक्तान गरिएको छ।", प्रशासक आचार्यका अनुसार भन्नु भयो।

प्रशासक आचार्यका अनुसार आर्थिक वर्ष २०७१/७२ मा अनिवार्य कोष कट्टी गर्ने बाहेकका ५५ वटा निजीक्षेत्रका संस्थाका करिव २५४० जना कर्मचारीहरुलाई कोषमा आवद्ध गरिएको छ भने त्रिभुवन विश्वविद्यालयका शिक्षक तथा कर्मचारीको सञ्चय कोष रकम कोषमा जम्मा गर्ने व्यवस्था मिलाउने कार्य अन्तिम चरणमा पुगेको छ।

प्रशासक आचार्यले योगदानमा आधारित सञ्चयकर्ता स्वास्थ्य सुविधा योजना लागु गर्न आवश्यक नियमावली तयार गरी स्वीकृतिका लागि नेपाल सरकार, अर्थमन्त्रालय समक्ष पेश गरिएको जानकारी दिनु भयो। उहाँका अनुसार निर्माणाधीन ४५६ मेगावाटको माथिल्लो तामाकोसी जलविद्युत परियोजनाका लागि आगामी ५ वर्षभित्र कोषले १० अर्व लगानी गर्ने प्रतिवद्धता जनाए अनुरुप गत वर्षसम्म ५ अर्ब ७८ करोड लगानी गरिएकोमा आर्थिक वर्ष २०७१/७२ मा मात्र २ अर्व ७३ करोड ७६ लाख कर्जा (पुँजिकृत समेत) प्रवाह गरिएको छ।

त्यसैगरी चिलिमे जलविद्युत कम्पनीद्वारा प्रवर्द्धित २७२ मेगावाट क्षमताका निर्माणाधिन ४ जलविद्युत आयोजनाहरुका लागि कोषले १६ अर्व ५० करोड लगानी गर्ने प्रतिवद्धता जनाए अनुरुप गत वर्षसम्म १ अर्ब ३० करोड लगानी गरिएकामा आर्थिक वर्ष २०७१/७२ मा मात्र २९ करोड २७ लाख कर्जा (पूँजिकृत समेत) प्रवाह गरिएको छ। "देशको पर्यटन क्षेत्रको विकासका लागि नेपाल वायु सेवा निगमलाई जहाज खरिदका लागि १० अर्ब ऋण दिने सम्झौता बमोजिम गत वर्षसम्म ४ अर्ब ४० करोड ५९ लाख लगानी गरिएकोमा आर्थिक वर्ष २०७१/७२ मा मात्र ५ अर्ब ५७ करोड ५२ लाख कर्जा (पुँजिकृत समेत) प्रवाह गरिएको छ।" प्रशासक आचार्यले थप्नु भयो। प्रशासक आचार्यले देशमा ईन्धन आपूर्तिलाई सहज बनाउनका लागि नेपाल सरकारको जमानतमा नेपाल आयल निगमलाई हालसम्म १२ अर्ब ३५ करोड कर्जा प्रवाह गरेकोमा आर्थिक वर्ष २०७१/७२ मा मात्र ८ अर्ब ३५ करोड कर्जा असुल भएको जानकारी समेत दिनु भयो।

कोषले सञ्चयकर्ताहरुको पहिचान, सुरक्षा तथा सेवा प्रवाहमा सरलिकृत गर्नका लागि वायोमेट्रिक डाटा संकलन कार्य शुरु गरिएको प्रशासक आचार्यले जानकारी दिनुभयो।

प्रशासक आचार्यले निजी क्षेत्रमा कार्यरत करिव १० लाख संस्थागत रोजगारहरु र स्वरोजगारहरुलाई समेत सामाजिक सुरक्षाका सुविधाबाट लाभान्वित गराउदैं कोषको दायरा विस्तार मार्फत कोषलाई मुलुकको समग्र सामाजिक सुरक्षा प्रदान गर्ने संस्थाको रुपमा विकास गर्न कोष लागी परेकोमा जोड दिनु भयो।

"निजी क्षेत्रका रोजगारदाता तथा तिनका कामदार कर्मचारीहरुलाई कोषको दायरामा ल्याई सञ्चयकर्ताहरुको स्वास्थ्य सम्वन्धि आवश्यकतालाई सुव्यवस्थित रुपमा व्यवस्थापन गर्न योगदानमा आधारित सञ्चयकर्ता स्वास्थ्य सुविधा योजना नेपाल सरकारको सहयोगमा सञ्चालन गर्ने कार्यक्रम रहेको छ।" उहाँले भन्नुभयो। प्रशासक आचार्यले कोषका शाखा कार्यालय तथा सेवा केन्द्र सञ्चालन गर्न नसकिने स्थानहरुमा वैकिङ्ग सञ्जालको प्रयोग मार्फत शाखा रहीत सेवा सञ्चालन गर्ने योजनालाई मुर्त रुप दिने नीतिबारे पनि चर्चा गर्नु भयो।

२०१९ साल भाद्र ३१ गते स्थापना भई आफ्नो औपचारिक रुपमा कार्य प्रारम्भ गरेको कर्मचारी सञ्चय कोष आज ५४ औं वर्षमा प्रवेश गरेको हो।

कोषले हाल निजामती कर्मचारी, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी, सार्वजनिक संस्थान र सङ्गठित क्षेत्रका कर्मचारी तथा कामदारहरु एवम् सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षक कर्मचारीहरु समेत गरी कुल ५ लाख सञ्चयकर्ताको सञ्चयकोष रकमको कुशल व्यवस्थापन गरिरहेको छ।

सरल र सहुलियत पूर्ण सापटीको माध्यमबाट सञ्चयकर्ताका सेवाकालीन आर्थिक तथा सामाजिक आवश्यकता पूरा गर्ने, सामाजिक सुरक्षाका कार्यक्रमबाट सञ्चयकर्तालाई सहयोग गर्ने र दीर्घकालीन पूँजी निर्माणको माध्यमबाट देशको अर्थतन्त्रमा योगदान गरी देशको पूर्वाधार बिकासको दिशामा समेत कोषले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। कोषले समयमा नै लेखापरीक्षण गराई प्रतिस्पर्धि वित्तीय विवरण प्रकासित गरेकाले ICAN वाट प्रत्येक वर्ष प्रदान गरिने सार्वजनिक निकायतर्फ Best Presented Annual Report (BPA) Award, 2014 प्राप्त गर्न सफल भएको छ। यस विधामा कोषले गत वर्ष समेत सो पुरस्कार प्राप्त गरेको थियो।

# बढुवा नियुक्ति अवकाश

**मिति २०७१ आश्विन देखि २०७२ भाद्र मसान्तसम्म मूल्यांकन बढुवा, आन्तरिक प्रतियोगितात्मक परीक्षा, ४.१७ क अनुसार बढुवा, नयाा नियुक्ति, अनिवार्य अवकाश, प्रोत्साही पुरस्कार एवं सेवा पदक पाउने कर्मचारीहरुको नामावली :**

**मूल्यांकनबाट बढुवा भएका कर्मचारीहरु :**

| सि.नं. | पद | नाम थर | बढुवा भएको पद | लागू हुने मिति |
|---|---|---|---|---|
| १ | बरिष्ठ प्रवन्धक | श्री हरि प्रसाद भूर्तेल | नायव मुख्य अधिकृत | २०७१।१२।२० |
| २ | प्रवन्धक | श्री हेमन्त राज अधिकारी | बरिष्ठ प्रवन्धक | २०७१।१२।२० |
| ३ | ,, | श्री दुर्गा प्रसाद सापकोटा | ,, | २०७१।१२।२० |
| ४ | ब.शा.अ. | श्री प्रवीण बहादुर श्रेष्ठ | प्रवन्धक | २०७१।१२।२० |
| ५ | ,, | श्री विष्णु बहादुर खत्री | ,, | २०७१।१२।२० |
| ६ | शा.अ. | श्री सर्वज्ञ रत्न तुलाधर | ब.शा.अ. | २०७१।१२।२० |
| ७ | ,, | श्री गोविन्द राज मरासीनी | ,, | २०७१।१२।२० |
| ८ | ,, | श्री भोलानाथ उपाध्याय | ,, | २०७१।१२।२० |
| ९ | सहायक इन्जिनीयर | श्री नरेन्द्र बहादुर चन्द | ब.शा.अ.(सिभिल इन्जिनीयर) | २०७१।१२।२० |
| १० | प्रमुख सहायक | श्री केदार बहादुर क्षेत्री | शा.अ. | २०७१।१२।२० |
| ११ | ,, | श्री अनिल कुमार झा | ,, | २०७१।१२।२० |
| १२ | ,, | श्री रामकृष्ण महर्जन | ,, | २०७१।१२।२० |
| १३ | ,, | श्री टिका बहादुर कार्की | ,, | २०७१।१२।२० |
| १४ | ,, | श्री रमिता श्रेष्ठ | ,, | २०७१।१२।२० |
| १५ | सव इन्जिनीयर | श्री सत्यनारायण गाँईजु | सहायक इन्जिनीयर | २०७१।१२।२० |

**आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट बढुवा भएका कर्मचारीहरु :**

| सि.नं. | पद | नाम थर | बढुवा भएको पद | लागू हुने मिति |
|---|---|---|---|---|
| १ | प्रवन्धक | श्री ध्रुव भट्टराई | बरिष्ठ प्रवन्धक | २०७१।७।३० |
| २ | ब.शा.अ.(कानून) | श्री नबराज पौडेल | प्रवन्धक(कानून) | २०७१।७।३० |
| ३ | ब.शा.अ. | श्री कल्पना मानन्धर | प्रवन्धक | २०७१।७।३० |
| ४ | शा.अ. | श्री राजेन्द्र बस्नेत | ब.शा.अ. | २०७१।७।३० |
| ५ | ,, | श्री पूर्ण कुमारी बस्नेत | ,, | २०७१।७।३० |
| ६ | प्रमुख सहायक | श्री लक्ष्मी प्रसाद वाग्ले | शा.अ. | २०७१।७।३० |
| ७ | ,, | श्री लोकनाथ ताजपुरिया | ,, | २०७१।७।३० |
| ८ | ,, | श्री राजेन्द्र ढकाल | ,, | २०७१।७।३० |
| ९ | ,, | श्री लिली दाहाल अर्याल | ,, | २०७१।७।३० |

**४.१७ क अनुसार बढुवा भएका कर्मचारीहरु :**

| सि.नं. | पद | नाम थर | बढुवा भएको पद | लागू हुने मिति |
|---|---|---|---|---|
| १ | प्रमुख सहायक | शान्ती प्रधान | शा.अ. | २०७१।६।१ |
| २ | ,, | राजिव शम्शेर जबरा | ,, | |

**अनिवार्य अवकाश तथा राजिनामा स्वीकृत भएका/हुने कर्मचारीहरु :**

| सि.नं. | पद | नाम थर | अवकाश/राजिनामा स्वीकृत मिति |
|---|---|---|---|
| १ | शाखा अधिकृत | डिल्लीहेरा बनिया | २०७२।५।२९ वाट अवकाश |
| २ | शाखा अधिकृत | राज नारायण चौधरी | २०७२।५।६ वाट अवकाश |
| ३ | शाखा अधिकृत | रमेश प्रसाद न्यौपाने | २०७०।८।१८ वाट राजिनामा स्वीकृत |
| ४ | प्रवन्धक | मोदनाथ गिरी | २०७२।४।२० वाट राजिनामा स्वीकृत |
| ५ | शाखा अधिकृत | निर्मल प्रसाद ढुंगेल | २०७२।४।१८ वाट अवकाश |
| ६ | शाखा अधिकृत | निर्मला शर्मा (न्यौपाने | २०७२।४।१५ वाट अवकाश |
| ७ | शाखा अधिकृत | किरण राज जोशी | २०७२।४।१० वाट अवकाश |
| ८ | शाखा अधिकृत | गीता पन्त | २०७२।४।६ वाट अवकाश |
| ९ | बरिष्ठ शाखा अधिकृत | जगदिश्वर घिमिरे | २०७२।४।४ वाट अवकाश |
| १० | बरिष्ठ सुपरीक्षक | कुल प्रसाद सापकोटा | २०७२।३।१५ वाट अवकाश |
| ११ | शाखा अधिकृत | शान्ति खनाल | २०७२।३।६ वाट अवकाश |
| १२ | शाखा अधिकृत | मुरारी आचार्य | २०७२।२।२० वाट अवकाश |
| १३ | शाखा अधिकृत | रिता देवी चित्रकार | २०७२।२।२० वाट अवकाश |
| १४ | बरिष्ठ शाखा अधिकृत | शरद कुमार श्रेष्ठ | २०७२।२।१६ वाट अवकाश |
| १५ | नायव मुख्य अधिकृत | हरि प्रसाद भूर्तेल | २०७२।२।९ वाट अवकाश |
| १६ | शाखा अधिकृत (कम्प्युटर) | गौलोचन शाह | २०७०।२।१७ वाट राजिनामा स्वीकृत |
| १७ | शाखा अधिकृत | लिला प्रसाद अधिकारी | २०७१।१२।५ वाट राजिनामा स्वीकृत |
| १८ | शाखा अधिकृत | टिका राम उपाध्याय | २०७२।१।२७ वाट अवकाश |
| १९ | बरिष्ठ सुपरीक्षक | प्रेम कृष्ण महर्जन | २०७२।१।२५ वाट अवकाश |
| २० | प्रमुख सहायक | इन्दिरा दुलाल (रेग्मी) | २०७०।११।९ वाट राजिनामा स्वीकृत |
| २१ | शाखा अधिकृत | प्रविन्द्र लाल प्रधान | २०७२।१।२० वाट अवकाश |
| २२ | शाखा अधिकृत | विजय विक्रम राणा | २०७२।१।४ वाट अवकाश |
| २३ | शाखा अधिकृत | गोविन्द प्रसाद दाहाल | २०७१।१२।२८ वाट अवकाश |
| २४ | ब.शा.अ.(प्रोग्रामर) | भगिरथ तिवारी | २०७१।७।३० वाट राजिनामा स्वीकृत |
| २५ | प्रमुख सहायक | शुशीला थापा | २०७१।११।८ वाट राजिनामा स्वीकृत |
| २६ | प्रमुख सहायक | कविता राणा | २०७१।११।१४ वाट अवकाश |
| २७ | प्रमुख सहायक | विष्णु देवी मानन्धर | २०७१।११।४ वाट अवकाश |
| २८ | मुख्य अधिकृत | राधाकृष्ण पोते | २०७१।११।३ वाट अवकाश |
| २९ | शाखा अधिकृत | प्रमिला केसी | २०७१।८।१५ वाट राजिनामा स्वीकृत |
| ३० | प्रमुख सहायक | दयाराम काफ्ले | २०७१।८।१७ वाट राजिनामा स्वीकृत |
| ३१ | शाखा अधिकृत | मीना देवी वैद्य | २०७१।८।१८ वाट अवकाश |

**नयां नियुक्ति भएका कर्मचारीहरु :**

| सि.नं. | पद | नाम थर | नियुक्ति मिति | | |
|---|---|---|---|---|---|
| १ | बरिष्ठ प्रवन्धक(चार्टर्ड एकाउन्टेन्ट) | ध्रुव प्रसाद अधिकारी | २०७१ | १० | ५ |
| २ | बरिष्ठ शाखा अधिकृत(कम्प्युटर इन्जिनीयर) | आदर्श भट्टराई | २०७१ | ६ | ३० |
| ३ | बरिष्ठ शाखा अधिकृत (कम्प्युटर इन्जिनीयर) | कृष्ण सुवेदी | २०७१ | ६ | ३० |
| ४ | बरिष्ठ शाखा अधिकृत(प्रोग्रामर) | राजु शाही | २०७१ | ८ | ३ |
| ५ | बरिष्ठ शाखा अधिकृत(प्रोग्रामर) | सन्देश घिमिरे | २०७१ | ८ | ३ |
| ६ | बरिष्ठ शाखा अधिकृत(प्रोग्रामर) | केरिना श्रेष्ठ | २०७१ | ८ | ३ |
| ७ | बरिष्ठ शाखा अधिकृत(कम्प्युटर इन्जिनीयर) | कुमारी कञ्चन साह | २०७१ | ९ | २७ |
| ८ | शाखा अधिकृत | बालकृष्ण अर्याल | २०७१ | ८ | ३ |
| ९ | शाखा अधिकृत | दिपक राज भट्टराई | २०७१ | ८ | ३ |
| १० | शाखा अधिकृत | भरत कुमार साउद | २०७१ | ८ | ३ |
| ११ | शाखा अधिकृत | दिनेश बास्कोटा | २०७१ | ८ | ३ |
| १२ | शाखा अधिकृत | सन्तोष पौड्याल | २०७१ | ८ | ३ |
| १३ | शाखा अधिकृत | निर्मला आचार्य | २०७१ | ८ | ३ |
| १४ | शाखा अधिकृत | योगेन्द्र मैनाली | २०७१ | ८ | ३ |
| १५ | शाखा अधिकृत | गिता शिवाकोटी | २०७१ | ८ | ३ |
| १६ | शाखा अधिकृत | कल्पना बराल | २०७१ | ८ | ३ |
| १७ | शाखा अधिकृत | संजिता ढकाल | २०७१ | ८ | ३ |
| १८ | शाखा अधिकृत | नरेन्द्र गुरुË | २०७१ | ८ | ३ |
| १९ | शाखा अधिकृत | युवराज श्रेष्ठ | २०७१ | ८ | ३ |
| २० | शाखा अधिकृत | गंगाराम यादव | २०७१ | ८ | ३ |

*क्रमशः...*

| | | | | | |
|---|---|---|---|---|---|
| २१ | शाखा अधिकृत | अनिल कुमार झा | २०७१ | ८ | ३ |
| २२ | शाखा अधिकृत | शंकर ओड | २०७१ | ८ | ३ |
| २३ | शाखा अधिकृत | लोकेन्द्र ज्ञवाली | २०७१ | १० | ११ |
| २४ | शाखा अधिकृत | प्रमिला केसी | २०७१ | १० | ११ |
| २५ | सव इन्जिनीयर | मनोज पोखरेल | २०७१ | ६ | ३० |
| २६ | सव इन्जिनीयर | शंकर सुवेदी | २०७१ | ६ | ३० |
| २७ | सव इन्जिनीयर | अम्बिका के सी अधिकारी | २०७१ | ६ | ३० |
| २८ | बरिष्ठ कम्प्युटर सहायक | तोजेन्द्र रोकाय | २०७१ | ७ | १७ |
| २९ | बरिष्ठ कम्प्युटर सहायक | सुलभ तिम्सिना | २०७१ | ७ | १७ |
| ३० | बरिष्ठ कम्प्युटर सहायक | निरज रिजाल | २०७१ | ७ | १७ |
| ३१ | बरिष्ठ कम्प्युटर सहायक | नन्द किशोर राय | २०७१ | ७ | १७ |
| ३२ | बरिष्ठ कम्प्युटर सहायक | अनन्त मुनी बज्राचार्य | २०७१ | ७ | १७ |
| ३३ | प्रमुख सहायक | वेद प्रकाश रावल | २०७१ | ९ | १६ |
| ३४ | प्रमुख सहायक | करुणा पुडासैनी | २०७१ | ९ | १६ |
| ३५ | प्रमुख सहायक | संगिता लुइटेल | २०७१ | ९ | १६ |
| ३६ | प्रमुख सहायक | कुशुम लामा योञ्जन | २०७१ | ९ | १६ |
| ३७ | प्रमुख सहायक | गोपाल कृष्ण सुवेदी | २०७१ | ९ | १६ |
| ३८ | प्रमुख सहायक | मिना बस्नेत | २०७१ | ९ | १६ |
| ३९ | प्रमुख सहायक | पवित्रा पंथी | २०७१ | ९ | १६ |
| ४० | प्रमुख सहायक | सविता लुइटेल | २०७१ | ९ | १६ |
| ४१ | प्रमुख सहायक | नारायण प्रसाद पन्थ | २०७१ | ९ | १६ |
| ४२ | प्रमुख सहायक | बिजय खड्का | २०७१ | ९ | १६ |
| ४३ | प्रमुख सहायक | शशी पोखरेल | २०७१ | ९ | १६ |
| ४४ | प्रमुख सहायक | उमेश राज भट्ट | २०७१ | ९ | १६ |
| ४५ | प्रमुख सहायक | सविता खरेल | २०७१ | ९ | १६ |
| ४६ | प्रमुख सहायक | भानुभक्त गौतम | २०७१ | ९ | १६ |
| ४७ | प्रमुख सहायक | जित बहादुर राउत | २०७१ | ९ | १६ |
| ४८ | प्रमुख सहायक | केदार धिताल | २०७१ | ९ | १६ |
| ४९ | प्रमुख सहायक | अरविन निरौला | २०७१ | ९ | १६ |
| ५० | प्रमुख सहायक | प्रकाश श्रेष्ठ | २०७१ | ९ | १६ |
| ५१ | प्रमुख सहायक | अशोक तिमल्सिना | २०७१ | ९ | १६ |
| ५२ | प्रमुख सहायक | रमेश पंगेनी | २०७१ | ९ | १६ |
| ५३ | प्रमुख सहायक | मोहन कुमार थापा | २०७१ | ९ | १६ |
| ५४ | प्रमुख सहायक | खीम बहादुर खड्का | २०७१ | ९ | १६ |
| ५५ | प्रमुख सहायक | जोदा सिंह कठायत | २०७१ | ९ | १६ |
| ५६ | प्रमुख सहायक | सुनिल गुरागाई | २०७१ | ९ | १६ |
| ५७ | प्रमुख सहायक | रमा कार्की | २०७१ | ९ | १६ |
| ५८ | प्रमुख सहायक | डेन्जम भट्टराई | २०७१ | ९ | १६ |
| ५९ | प्रमुख सहायक | ऋषि प्रसाद अधिकारी | २०७१ | ९ | १६ |
| ६० | प्रमुख सहायक | पोष्टराज निरौला | २०७१ | ९ | १६ |
| ६१ | प्रमुख सहायक | इश्वरी पराजुली | २०७१ | ९ | १६ |
| ६२ | प्रमुख सहायक | रामचन्द्र घिमिरे | २०७१ | ९ | १६ |
| ६३ | प्रमुख सहायक | अनिशा काफ्ले | २०७१ | ९ | १६ |
| ६४ | प्रमुख सहायक | सिर्जना ढकाल | २०७१ | ९ | १६ |
| ६५ | प्रमुख सहायक | ललिता पाण्डे | २०७१ | ९ | १६ |
| ६६ | प्रमुख सहायक | रमा अधिकारी | २०७१ | ९ | १६ |
| ६७ | प्रमुख सहायक | सुस्ता वाग्ले | २०७१ | ९ | १६ |
| ६८ | प्रमुख सहायक | राधा कंडेल | २०७१ | ९ | १६ |
| ६९ | प्रमुख सहायक | बिजया आचार्य | २०७१ | ९ | १६ |
| ७० | प्रमुख सहायक | आरती भुसाल | २०७१ | ९ | १६ |
| ७१ | प्रमुख सहायक | शान्ती थापा मगर | २०७१ | ९ | १६ |
| ७२ | प्रमुख सहायक | गणेश श्रेष्ठ | २०७१ | ९ | १६ |
| ७३ | प्रमुख सहायक | हरिबोल श्रेष्ठ हेम्वा | २०७१ | ९ | १६ |
| ७४ | प्रमुख सहायक | रमेश भुजेल | २०७१ | ९ | १६ |
| ७५ | प्रमुख सहायक | सावित्रा घिसिङ्ग | २०७१ | ९ | १६ |
| ७६ | प्रमुख सहायक | बौद हाङ्ग राई | २०७१ | ९ | १६ |
| ७७ | प्रमुख सहायक | दिपेन्द्र नारायण शाह | २०७१ | ९ | १६ |
| ७८ | प्रमुख सहायक | अजय कुमार साह | २०७१ | ९ | १६ |
| ७९ | प्रमुख सहायक | रिपु कुमारी | २०७१ | ९ | १६ |
| ८० | प्रमुख सहायक | रंजित कुमार हाथी | २०७१ | ९ | १६ |
| ८१ | प्रमुख सहायक | प्रेम कुमार साह | २०७१ | ९ | १६ |
| ८२ | प्रमुख सहायक | सरोज कुमार यादव | २०७१ | ९ | १६ |
| ८३ | प्रमुख सहायक | बाबुराम गर्न्धव | २०७१ | ९ | १६ |
| ८४ | प्रमुख सहायक | अमित कुमार विश्वकर्मा | २०७१ | ९ | १६ |
| ८५ | प्रमुख सहायक | दीपक पन्थी | २०७१ | ९ | १६ |
| ८६ | बरिष्ठ कम्प्युटर सहायक | बालकुमारी अधिकारी(दाहाल) | २०७१ | ९ | १६ |
| ८७ | बरिष्ठ कम्प्युटर सहायक | नितिश कुमार चौधरी | २०७१ | ९ | १६ |
| ८८ | प्रमुख सहायक | सविता अर्याल | २०७१ | १० | ४ |
| ८९ | प्रमुख सहायक | रमेश प्रसाद जोशी | २०७१ | १० | ९ |
| ९० | प्रमुख सहायक | बल बहादुर कुंवर | २०७१ | १० | ११ |
| ९१ | प्रमुख सहायक | सुदिप घिमिरे | २०७१ | १० | ११ |
| ९२ | प्रमुख सहायक | कृष्ण प्रसाद अधिकारी | २०७१ | १० | ११ |
| ९३ | प्रमुख सहायक | टिका लाल श्रेष्ठ | २०७१ | १० | ११ |
| ९४ | प्रमुख सहायक | अमर कुमार बिक | २०७१ | १० | ११ |

**प्रोत्साही पुरस्कार (तलबवृद्धि) पाउने कर्मचारीहरु :**

| सि.नं. | पद | नाम थर | ग्रेड संख्या | लागू मिति |
|---|---|---|---|---|
| १ | मुख्य अधिकृत | राधाकृष्ण पोते | १ | २०७१ माघ |
| २. | ब.शा.अ. | शरद कुमार श्रेष्ठ | २ | २०७१ चैत्र |
| ३. | ब.सु. | कुलप्रसाद सापकोटा | १ | २०७२ बैशाख |
| ४. | शा.अ. | टीकाराम उपाध्याय | ३ | २०७१ चैत्र |
| ५. | ,, | शान्ती खनाल | २ | २०७२ जेष्ठ |
| ६. | ब.शा.अ. | जगदीश्वर घिमिरे | ३ | २०७२ असार |
| ७. | शा.अ. | राज नारायण चौधरी | ३ | २०७२ श्रावण |

**१५ वर्षे सेवा पदक पाउने कर्मचारी**

| सि.नं. | पद | नाम थर | नियुक्ति मिति | | |
|---|---|---|---|---|---|
| १ | बरिष्ठ प्रवन्धक | जीवन कुमार कट्वाल | २०५७ | १ | ५ |
| २ | बरिष्ठ प्रवन्धक | ध्रुव भट्टराई | २०५७ | १ | ५ |
| ३ | प्रवन्धक | सागर कुमार सिंह | २०५७ | १ | ५ |
| ४ | प्रवन्धक | शान्ता गौतम | २०५७ | ५ | १३ |
| ५ | प्रवन्धक | बीरेन्द्र पौडेल | २०५७ | ५ | १३ |
| ६ | प्रवन्धक | दामोदर प्रसाद सुवेदी | २०५७ | १ | ५ |
| ७ | प्रवन्धक | महेन्द्र राज शाक्य | २०५७ | १ | ५ |

**२५ वर्षे सेवा पदक पाउने कर्मचारी**

| सि.नं. | पद | नाम थर | नियुक्ति मिति | | |
|---|---|---|---|---|---|
| १ | नायव मुख्य अधिकृत | बीरेन्द्र मोहन भट्टराई | २०४६ | ८ | १ |
| २ | बरिष्ठ प्रवन्धक | श्रीराम शेखर अधिकारी | २०४६ | ६ | ६ |
| ३ | बरिष्ठ प्रवन्धक | अर्जुन कुमार गौतम | २०४६ | १० | १ |
| ४ | प्रवन्धक | राजेन्द्र भण्डारी | २०४६ | १० | २ |
| ५ | प्रवन्धक | रमेश चन्द्र वेलवासे | २०४६ | १० | २ |
| ६ | प्रवन्धक | दिलिप राज पौडेल | २०४७ | ३ | १८ |
| ७ | प्रवन्धक | कल्पना मानन्धर | २०४६ | १० | १ |

*क्रमशः...*

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | बरिष्ठ शाखा अधिकृत | रमेश राज पोखेल | २०४६ | १० | १ |
| ९ | बरिष्ठ शाखा अधिकृत | तेज प्रसाद खनाल | २०४६ | १० | १ |
| १० | बरिष्ठ शाखा अधिकृत | निर्मला हुमागाई | २०४६ | १० | १ |
| ११ | बरिष्ठ शाखा अधिकृत | हरि कृष्ण कार्की | २०४६ | १० | १ |
| १२ | बरिष्ठ शाखा अधिकृत | मन्जु भण्डारी | २०४६ | १० | १ |
| १३ | शाखा अधिकृत | बाल कुमारी न्यौपाने | २०४६ | १० | १ |
| १४ | शाखा अधिकृत | सुधिर थापा | २०४६ | १० | २ |
| १५ | शाखा अधिकृत | शम्भु प्रसाद आचार्य | २०४६ | १० | १ |
| १६ | शाखा अधिकृत | सुरेन्द्र राज ढकाल | २०४६ | १० | ९ |
| १७ | शाखा अधिकृत | डिल्ली प्रसाद अधिकारी | २०४७ | १ | ५ |
| १८ | शाखा अधिकृत | अर्जुन प्रसाद आचार्य | २०४६ | १० | १ |
| १९ | शाखा अधिकृत | त्रिविक्रम पाण्डे | २०४६ | १० | १ |
| २० | शाखा अधिकृत | जितेन्द्र श्रेष्ठ | २०४६ | १० | ५ |
| २१ | शाखा अधिकृत | योगेन्द्र कुमार कुवंर | २०४६ | १० | १ |
| २२ | शाखा अधिकृत | दङ्ग ध्वज खोयाहाङ्ग | २०४६ | १० | १ |
| २३ | शाखा अधिकृत | निर्मला स्थापित | २०४६ | १० | १ |
| २४ | शाखा अधिकृत | नर्वदा भेटवाल अधिकारी | २०४६ | १० | २ |
| २५ | शाखा अधिकृत | गणेश बस्नेत | २०४६ | १० | ११ |
| २६ | शाखा अधिकृत | ऋषि राम बुढा | २०४६ | १० | २ |
| २७ | शाखा अधिकृत | विजय कुमार थापा | २०४६ | ११ | ८ |
| २८ | शाखा अधिकृत | महेन्द्र नाथ भट्टराई | २०४६ | १० | १ |
| २९ | शाखा अधिकृत | कृष्ण प्रसाद अधिकारी | २०४६ | १० | १ |
| ३० | शाखा अधिकृत | शरद कुमार केसी· | २०४६ | १० | १२ |
| ३१ | शाखा अधिकृत | शरद राज अधिकारी | २०४६ | १२ | १ |
| ३२ | शाखा अधिकृत | रविन्द्र महत | २०४६ | १० | २ |
| ३३ | शाखा अधिकृत | महेश श्रेष्ठ | २०४६ | १० | १ |
| ३४ | शाखा अधिकृत | विश्व राज उपाध्याय | २०४६ | १० | १ |
| ३५ | शाखा अधिकृत | टीका बहादुर कार्की | २०४६ | १० | १ |
| ३६ | प्रमुख सहायक | केशव राज श्रेष्ठ (क) | २०४६ | ११ | ९ |
| ३७ | प्रमुख सहायक | देव शंकर झा | २०४६ | १० | १ |
| ३८ | प्रमुख सहायक | राजेश कुमार केसि· | २०४७ | १ | ५ |
| ३९ | प्रमुख सहायक | मन केसि· | २०४६ | १० | १ |
| ४० | प्रमुख सहायक | मुना श्रेष्ठ | २०४७ | ३ | ८ |
| ४१ | प्रमुख सहायक | चन्द्र बहादुर सुवेदी | २०४६ | ११ | १४ |
| ४२ | प्रमुख सहायक | वासुदेव रिमाल | २०४६ | ११ | ८ |
| ४३ | बरिष्ठ काष्टकला सहायक | कृष्ण राम सुवाल | २०४६ | ६ | १५ |

## २०७१ सालको एस.एल.सी परीक्षामा उतिर्ण भएका कर्मचारीका छोरा/छोरी

| सि.न. | दर्जा | कर्मचारीको नामथर | छोरा/छोरी नामथर | प्राप्ताङ्क |
|---|---|---|---|---|
| १ | प्रबन्धक (प.बि.) | श्री मदन सुवेदी | अभिलाशा सुवेदी | ९०.५० |
| २ | शाखा अधिकृत | श्री अर्जुन प्रसाद आचार्य | आदित्य आचार्य | ९०.१३ |
| ३ | बरिष्ठ प्रवन्धक | श्री अर्जुन कुमार गौतम | दिव्या गौतम | ८८.२५ |
| ४ | शाखा अधिकृत | श्री कृष्ण प्रसाद अधिकारी | कृषप प्रसाद अधिकारी | ८८.१३ |
| ५ | प्रबन्धक (कानून) | श्री नवराज पौडेल | अनुशा पौडेल | ८७.१३ |
| ६ | शाखा अधिकृत | श्री विनय कृष्ण डंगोल | बिनी डंगोल | ८६.८८ |
| ७ | प्रबन्धक | श्री ईश्वर बहादुर श्रेष्ठ | सिमरन श्रेष्ठ | ८६.८८ |
| ८ | बरिष्ठ शाखा अधिकृत | श्री शिव लाल प्रधान | विभव लाल प्रधान | ८४.६३ |
| ९ | शाखा अधिकृत | श्री सुमन रुपाखेती | श्रीजेश रुपाखेती | ८३.७५ |
| १० | का.म. ना.मु.अ. | श्री रोचन श्रेष्ठ | प्रतिक श्रेष्ठ | ८२.३८ |
| ११ | शाखा अधिकृत | श्री विजय कुमार थापा | विजेता थापा | ८२.३८ |
| १२ | शाखा अधिकृत | श्री मधूसूदन अधिकारी | श्रीया अधिकारी | ८०.७५ |
| १३ | शाखा अधिकृत | श्री लाल बहादुर सुनार | आशिका सुनार | ७८.६३ |
| १४ | शाखा अधिकृत | श्री त्रिविक्रम पाण्डे | त्रिसा पाण्डे | ७६.८८ |
| १५ | बरिष्ठ शाखा अधिकृत | श्री कमल अर्याल | आलोक अर्याल | ७६.१३ |
| १६ | शाखा अधिकृत | श्री रमिता श्रेष्ठ | पलिस्था श्रेष्ठ | ७६.०० |
| १७ | शाखा अधिकृत | श्री रामेश्वरी श्रेष्ठ | पार्थ श्रेष्ठ | ७४.७५ |
| १८ | बरिष्ठ सुपरीषक | श्री केशव खतिवडा | रोशन खतिवडा | ७४.५० |
| १९ | मेत्तर | श्री बाल कृष्ण पोडे | रिजिना देउला | ७०.७५ |
| २० | प्रमुख सहायक | श्री मिना श्रेष्ठ | प्रिज्मा श्रेष्ठ | ६८.३८ |
| २१ | बरिष्ठ सुपरीषक | श्री अर्जुन बहादुर थापा | अस्मिता थापा | ६७१३ |
| २२ | शाखा अधिकृत | श्री जहानु देवी श्रेष्ठ | मुस्कान जोन्छे | ७९.८८ |
| २३ | प्रमुख सहायक | श्री उत्तम कार्की | दुर्गा कार्की | ८२.८८ |
| २४ | शाखा अधिकृत | श्री भरत खतिवडा | सक्षम खतिवडा | ८२१३ |
| २५ | शाखा अधिकृत | श्री शम्भुमान श्रेष्ठ | शिर्ष श्रेष्ठ | ७७.६३ |
| २६ | बरिष्ठ शाखा अधिकृत | श्री रविराज श्रेष्ठ | सौर्य श्रेष्ठ | ८०.०० |

## परिचय पत्र

**सञ्चयकर्तालाई कोषद्वारा प्रदान गरिने परिचयपत्र, सञ्चयकर्ता र कोष वीचको एकमात्र वैधानिक आधार भएकोले मासिक रुपमा फाँटवारी पठाउदा परिचय पत्र नम्वरं अनिवार्य रुपमा उल्लेख गर्नु जरुरी छ। साथै कुनै पनि सेवा लिन कोषमा आउनु हुंदा अनिवार्य रुपमा परिचय पत्र लिई आउनु हुन समेत कोष अनुरोध गर्दछ।**

## कोषको वित्तीय अवस्था

( आर्थिक वष २०७१/७२ को लेखा परीक्षण सम्पन्न हुन वाँकी वित्तीय विवरण )

| स्रोत ( रु करोडमा ) | | | उपयोग ( रु करोडमा ) | | |
|---|---|---|---|---|---|
| आर्थिक वर्ष | २०७०/७१ | २०७१/७२ | आर्थिक वर्ष | २०७०/७१ | २०७१/७२ |
| सञ्चय कोष | १६३५४।८६ | १८९६९।८३ | वैंकहरुमा रहेको मुद्धती निक्षेप | २६६६।०० | ३६८७।०० |
| जगेडा कोष | ४२०।२९ | ३९९।३३ | सरकारी ऋणपत्र तथा वचतपत्र | १४१३।०१ | १५२२।६४ |
| अन्य दायित्व तथा व्यवस्था | १९३।८९ | २२१।२० | परियोजन कर्जा | २४८६।२३ | २५५७।१३ |
| | | | शेयर लगानी | २२२।०५ | २२२।०५ |
| | | | सञ्चयकर्ता सापटी | ९१५७।६३ | १०६७४।७५ |
| | | | भवन तथा आवासमा लगानी | ८२।०७ | ७९।०० |
| | | | स्थिर सम्पत्ति | ३३।१० | ३०।०० |
| | | | अन्य सम्पत्ति ( वैंक मौज्दात तथा विविध सम्पत्ति | ९०८।९४ | ८१७।७९ |
| | १६,९६९।०४ | १९,५९०।३६ | | १६,९६९।०४ | १९,५९०।३६ |

३. कोषको आय व्यय विवरणको सारांश:

आर्थिक वर्ष २०७१/७२ को लेखा परीक्षण सम्पन्न हुन वाँकी

| व्यय ( रु करोडमा ) | | | आय ( रु करोडमा ) | | |
|---|---|---|---|---|---|
| आर्थिक वर्ष | २०७०/७१ | २०७१/७२ | आर्थिक वर्ष | २०७०/७१ | २०७१/७२ |
| व्याज खर्च | ११५१।९३ | १२७६।८० | ऋण तथा लगानीमा आम्दानी | १४०९।४८ | १४७०।५२ |
| व्यवस्थापन खर्च | ८९।०९ | ७७।६८ | विविध आम्दानी | २३।७७ | २०।०० |
| जोखिम व्यवस्था तथा अन्य खर्च | २२।१० | २०।०० | | | |
| खुद वचत | १७०।१३ | ११७।०४ | | | |
| | १४३३।२५ | १४९०।५२ | | १४३३।२५ | १४९०।५२ |

# कोषबाट प्रदान गरिने सञ्चयकर्ता घरसापटी २०५७

### सापटी प्राप्त गर्न सक्ने सञ्चयकर्ता

- कम्तिमा २ (दुई) बर्षसम्म नियमित कोष कट्टी भएको ।
- उमेर वा पदावधिको आधारमा ३ बर्ष सेवा अवधि बाकी भएको ।
- सरल चक्र कर्जा नलिएका वा सो कर्जा चुक्ता गरी सकेका सञ्चयकर्ताहरु ।

### सापटीको अवधि

- घर निर्माण गर्न ग्रेस अवधि डेढ बर्षसहित वांकी सेवा अवधिको आधारमा अधिकतम २० वर्ष ।
- उमेर वा पदावधिको आधारमा तीन वर्ष सेवा अवधि वांकी भएका सञ्चयकर्तालाई सापटी प्रदान गर्दा ग्रेस अवधि प्रदान गरिने छैन ।

### सापटीको सीमा

- मूल्याकंनले खामेसम्म सञ्चयकर्ताको शुरु तलव स्केलले अधिकतम १० वर्ष वरावरको तलव ।
- पति/पत्नी दुवै जना सञ्चयकर्ता भएमा एउटै धितोवाट दुई जनाको नाममा सापटी हिसाव गर्दा शुरु तलवमानको आधारमा अधिकतम सीमासम्म दुवै जनालाई अलग अलग कर्जा प्रवाह हुने ।

### सापटीको सावाँ र ब्याज भुक्तानी प्रक्रिया

- ☞ ऋणीले ब्याज त्रैमासिक रुपमा आश्विन ,पौष,चैत्र र आषाढ मसान्तभित्र भुक्तानी गर्नुपर्ने छ ।
- ☞ निर्धारित अवधि भित्र ब्याज भुक्तानी नगरेमा तोकिएको दरमा वार्षिक १ प्रतिशत थप ब्याज लाग्ने छ ।
- ☞ एक आर्थिक वर्षको भाका नाघेको ब्याजमा अर्को आर्थिक वर्ष प्रारम्भ भएपछि नियमित ब्याजका साथै थप ब्याज समेत लाग्ने छ ।

### पेश गर्नु पर्ने कागजातहरू

- कोषले प्रदान गरेको फाराममा सञ्चयकर्ता कार्यरत कार्यालयको सिफारिस पत्र
- जग्गा प्राप्त भएको लिखित ( रजिष्ट्रेशन पास गरेको कागजात ) एंव जग्गाधनी प्रमाणपुर्जा तथा नागरिकताको प्रमाणित प्रतिलिपि र चालु आ.व. को मालपोत वुझाएको रसिद
- नापी कार्यालयवाट प्रमाणित नापी नक्सा ( ब्लु प्रिण्ट) र जग्गाको कित्ता खुलेको ट्रेस पेपर , सञ्चय कोष परिचय पत्रको प्रतिलिपि ।
- नाता प्रमाणित पत्र ( पति वा पत्नीको नाममा रहेको घरजग्गा धितो दिनेको हकमा ) कार्यरत कार्यालयको शुरु तलव र अवकाश मिति खुलेको पत्र
- नगर क्षेत्रको हकमा सम्वन्धित महानगरपालिका , उप-महानगरपालिका वा नगरपालिकावाट घर निर्माण गर्न स्वीकृति पत्र ।
- ग्रामीण क्षेत्रको हकमा गा.वि.स. वाट घर वनाउन स्वकिृति पाएको पत्र र नक्सा चार किल्ला खुलेको ( वाटोको चौडाई उल्लेख भएको ) प्रमाणित पत्र ।

# वरिष्ठ कार्यकारी मञ्च : ५ वर्षे रणनीतिक योजना तयारी छलफल



**मञ्चको छलफल कार्यक्रममा कोषका प्रशासक कृष्णप्रसाद आचार्य, मुख्य अधिकृत हसना शर्मा लगायतका सहभागीहरु ।**

कर्मचारी सञ्चय कोषका प्रशासक श्री कृष्णप्रसाद आचार्यले अन्तर्राष्ट्रियस्तरको सामाजिक सुरक्षा प्रदायक संस्थाको रुपमा स्थापित हुने कोषको दिर्घकालिन लक्ष्य प्राप्त गर्ने शन्दर्भमा वरिष्ठ कार्यकारी मञ्चको छलफलबाट प्राप्त सुझाव रणनीतिक योजना निर्माण गर्न महत्वपूर्ण हुने बताउनु भएको छ ।

कर्मचारी सञ्चय कोषको ५ वर्षे रणनीतिक योजना निर्माण निमित्त गठित वरिष्ठ कार्यकारी मञ्चको योजना तयार गर्ने शन्दर्भमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा प्रशासक आचार्यले सो कुरा बताउनु भएको हो ।

कर्मचारी सञ्चय कोषका प्रशासक श्री कृष्णप्रसाद आचार्यले अन्तर्राष्ट्रिय स्तरको सामाजिक सुरक्षा प्रदायक संस्थाको रुपमा स्थापित हुने कोषको दिर्घकालिन लक्ष्य प्राप्त गर्ने शन्दर्भमा वरिष्ठ कार्यकारी मञ्चको छलफलबाट आएका सुझाव रणनीतिक योजना निर्माण गर्न महत्वपूर्ण हुने बताउनु भएको छ । कर्मचारी सञ्चय कोषको ५ वर्षे रणनीतिक योजना निर्माण निमित्त गठित वरिष्ठ कार्यकारी मञ्चको योजना तयार गर्ने सन्दर्भमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा प्रशासक आचार्यले सो कुरा बताउनु भएको हो । आचार्यले कोषको विद्यमान सबल र कमजोर पक्षका साथै भविष्यमा लिइनुपर्ने कदमका बारेमा हुने वैचारिक छलफलबाट आम सञ्चयकर्ता, व्यवस्थापन र समग्र आर्थिक क्षेत्रनै लाभान्वित हुन सक्नुपर्ने आफ्नो अपेक्षा रहेकोले यसतर्फ छलफललाई केन्द्रित गर्न सुझाव पनि दिनु भयो । मुख्य अधिकृत हसना शर्माले मुलुकको पुँजी बजारमा कोषको शिर्ष स्थान रहेको चर्चा गर्दै वित्तीय प्रभावकारिता अभिवृद्धि गर्न आगामी दिनमा कोष रणनीतिक योजनासहित अगाडि बढनुको विकल्प नरहेको बताउनु भयो । शर्माले यथार्थमा रहेर गरिने छलफलबाट प्राप्त सुझाव नै कोषको दिर्घकालीन हित र लक्ष्य प्राप्तिका लागि सहयो गी हुने भएकोले सहभागीहरुलाई असम्भव विषयमाथिको छलफलबाट जोगिन आग्रह गर्नु भयो ।

२०७१ चैत्र २० र २१ गते काठमाडौंमा सम्पन्न सो छलफल कार्यक्रममा वरिष्ठ कार्यकारी मञ्च अन्तर्गतका विभिन्न ५ समूहले कोषको आगामी ५ वर्षे रणनीतिक योजना तयारीका लागि बेग्ला बेग्लै प्रस्तुति गरेका थिए । छलफलमा संगठन व्यवस्थापन तथा नवप्रर्वतन समूहबाट संयोजक श्री राजेन्द्र काफ्ले, सामाजिक सुरक्षा तथा व्यवस्थापन समूहबाट संयोजक श्री केदारनाथ गौतम, वित्तीय स्रोत व्यवस्थापन समूहबाट सदस्य श्री जितेन्द्र धिताल र सूचना तथा सञ्चार समूहबाट संयोजक श्री हरि भुर्तेलले आ-आफ्नो कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

नेपाल सरकार, अर्थ मन्त्रालय र कोषका प्रशासक बीच २०६९ भाद्र २९ गते भएको कार्य सम्पादन सम्झौतामा उल्लेख भए बमोजिम कोषको ५ वर्षे रणनीतिक योजना तर्जुमा गर्न वरिष्ठ कार्यकारी मञ्चको गठन भई विभिन्न कार्य समूहको विभाजन गरिएको थियो । सो अवसरमा अध्ययन समूहका सदश्य बरिष्ठ प्रबन्धक रोचन श्रेष्ठले कोषको व्यवस्थापन सूचना प्रणालीलाई व्यवस्थित गर्ने क्रममा ई-पुस्तकालयको अवधारणा एक महत्वपूर्ण कदम हुन सक्ने बताउनु भयो । छलफल कार्यक्रमलाई कोषमा कार्यरत तीन वटै कर्मचारी युनियन नेपाल वित्तीय संस्था कर्मचारी संघ, सञ्चय कोष कर्मचारी संघ र नेपाल राष्ट्रिय कर्मचारी संगठनका अध्यक्षहरु क्रमशः धर्म खनाल, कृष्णप्रसाद दाहाल र शंकरप्रसाद अर्यालले सम्बोधन गर्नुभएको थियो ।

# मानव संसाधन नीति तथा विकास योजना, २०७२

कर्मचारी सञ्चय कोषले हालसालै तयार गरेको मानव संसाधन नीति तथा विकास योजना २०७२ माथि सरोकार राख्ने कर्मचारीहरुसँग राय तथा सुझाव माग गरेको छ ।

कोषको गतिशीलता तथा प्रभावकारिता अभिवृद्धि गरी संस्थाप्रति संचयकर्ताको विश्वास कायम राख्न, वित्तीय साधनको कुशल परिचालन गर्न एवं नव प्रवर्तनीय सामाजिक सुरक्षाका कार्यक्रमहरु तर्जुमा तथा कार्यान्वयन गर्न योग्य र दक्ष जनशक्तिको आवश्यकता तथा योजनालाई बिचार गर्दै यो नीति तर्जुमा गरिएको हो । मानव संसाधन नीति तथा विकास योजनाको प्रमुख उद्देश्य सञ्चयकर्ताको हित, सुविधा तथा सेवा प्रवाहलाई व्यवस्थित गर्ने तथा कार्यरत र अन्य आवश्यक कर्मचारीहरुको व्यवस्थित र प्रभावकारी परिचालन गर्ने रहेको छ । नीतिका अन्य उद्देश्यहरुमा नीतिको सार्वजनिक व्यवस्थापन र शासकीय प्रणालीमा आइरहेको परिवर्तन अनुरूप कोषको सेवामा सुधार तथा विकास गर्न सक्षम मानव संसाधन प्राप्त तथा उपयोग गर्ने रहेको छ ।

त्यस्तै सार्वजनिक व्यवस्थापनमा आएको परिवर्तनलाई आत्मसात गर्दै कोषको बढ्दो जिम्मेवारी र कार्यक्षेत्र अनुरुप कार्यसम्पादन गर्न सक्षम, पेशागत रुपले दक्ष मानव संसाधन हासिल गर्ने, व्यवसायिक, क्षमतावान एवं प्रतिभावान तथा उत्पादनमूलक मानव संसाधनलाई कोषको सेवामा आकर्षित र उत्प्रेरित गर्ने कुरामा यस योजनाले जोड दिएको छ ।

कोषलाई कार्य सम्पादन युक्त र दक्षतापूर्वक सेवा प्रवाह गर्न सक्षम तुल्याउने, कार्य सम्पादनमा आधारित पद्दति संस्थागत गर्ने र कोषको मानव संसाधन व्यवस्थापनलाई संगठनात्मक विकासका दृष्टिकोणले योगदानमुखी र नतिजामुखी बनाउने उद्देश्य समेत रहेको छ ।

## कर्मचारीहरुको कार्य विवरण तयार

यसैबीच, कोषमा २०६९ सालमा लागु भएको संगठनात्मक संरचना अनुरुपको कर्मचारीहरुको कार्य विवरण २०७२ तयार भएको छ। सो कार्य विवरण अनुसार लागु भएका पदनाम र सो कर्मचारीको काम, कर्तव्य र अधिकार स्पष्ट भई प्रभावकारी कार्य सम्पादन र सेवा प्रवाहमा सहयोग पुग्ने देखिएको छ ।

## सूचना प्रविधि नीति स्वीकृत

कर्मचारी सञ्चय कोषले सूचना प्रविधि नीति लागु गरेको छ ।कोषमा सूचना प्रविधिको उचित प्रयोग गर्न, सूचना प्रविधिमा रहेको जोखिम न्युनिकरण गर्न र आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउन सूचना प्रविधि नीति स्वीकृत गरी लागु गरिएको हो । सो नीति कोष सञ्चालक समितिले स्वीकृत गरी लागु गरेको व्यवस्थापनले जनाएको छ ।

# कोषका कर्मचारी तालिममा सहभागी

कोषबाट सञ्चालित र अन्य विभिन्न प्रकार र स्तरका तालिम कार्यक्रममा कोषका ५ सय ९८ कर्मचारी सहभागी भएका छन् । २०७१ साउनदेखि २०७२ भाद्रसम्मको अवधिमा सञ्चालन भएका यी तालिमहरु इन्स्टिच्युट अफ चार्टर्ड एकाउन्टेन्ट अफ नेपाल, संकल्प प्रोफेसनल एकेडेमी, काठमाडौं मोडल सेनटर फर प्रोफेसनल एजुकेशन लगायतका सँस्थाले आयोजना गरेका थिए । अशल शासन, आर्थिक विकास, कर प्रणालीमा सुधार लगायत नेतृत्व तथा व्यवस्थापन लगायतका विषय तालिममा समावेश थियो । कोष आयोजक भई बि.पि.ए.का विद्यार्थीहरुलाई समेत कर्मचारी सञ्चय कोषको भुमिका, मानव स्रोतको व्यवस्थापन विषयक तालिम प्रदान गरिएको थियो । तालिममा २४ जना विद्यार्थीहरु सहभागी थिए । यसैगरी विभिन्न मिति र तहमा आयोजित अन्तर्राष्ट्रिय स्तरको तालिममा कोषका १३ जना बरिष्ठ अधिकृतहरु लगायत अन्य कर्मचारीहरुले सहभागीता जनाएका थिए । जसको बिस्तृत विवरण तालिकामा उल्लेख छ :

**अन्तर्राष्ट्रिय स्तरमा भएका तालिम/सेमिना तथा गोष्ठीहरु**

| क्र.स. | पद | कर्मचारीको नाम थर | तालिम/सेमिनार/गोष्ठी | तालिम दिने संस्था /निकाय | तालिमको अवधि | जम्मा दिन |
|---|---|---|---|---|---|---|
| १ | प्रशासक | कृष्ण प्रसाद आचार्य | The 9th Pension Experts Meeting in Asia Pacific Region & National Pension Service | OECD Korea Policy Centre, Korea | 22-26 sep,2014 | ५ |
| २ | शा.अ. | धर्म प्रसाद खनाल | 4th UNI World Congress | SA SBO | N/A | N/A |
| ३ | शा.अ. | शम्भु प्रसाद पौडेल | नवौं महाधिवेशन | Bank Employees Federation Of India | 07-10 Feb , 2015 | ४ |
| ४ | प्रबन्धक | दिलिपराज पौडेल | Executive Course On Designing & Expanding Univer-sal Pension System In Asia & the Pacific | International Labour Organization, Bangkok | 09-13 Feb, 2015 | ५ |
| ५ | मु.अ. | राधाकृष्ण पोते | प्रतिनिधि कार्यालय उद्घाटन | Malaysia Qualalampur | 10-Feb-15 | १ |
| ६ | प्रशासक | कृष्ण प्रसाद आचार्य | Winter Roundtable Participation | Pacific Pension Institute, Los Angeles, USA | 11-13 Feb, 2015 | ३ |
| ७ | ना.मु.अ. | दुर्गा प्रसाद सुवेदी | WILLIS IATA AAPA Asia Pacific Aviation Insurance Conference | Willis Aerospace | 03-5 Mar, 2015 | ३ |
| ८ | मु.अ. | हसना शर्मा | स्थलगत निरीक्षण | Germany | 16-25 Apr, 2015 | १० |
| ९ | ना.मु.अ. | दुर्गा प्रसाद सुवेदी | स्थलगत निरीक्षण | " | " | " |
| १० | वरिष्ठ प्रबन्धक | जीवन कुमार कटवाल | स्थलगत निरीक्षण | " | " | " |
| ११ | वरिष्ठ प्रबन्धक | विजय कुमार श्रेष्ठ | स्थलगत निरीक्षण | " | " | " |
| १२ | का.मु.मु.अ. | राजेन्द्र काफ्ले | ADFIAP Annual Meeting and Conference | ADFIAP Vietnam | 13-15 May, 2015 | ३ |
| १३ | ना.मु.अ. | जितेन्द्र धिताल | ADFIAP Annual Meeting and Conference | ADFIAP Vietnam | 13-15 May, 2016 | ३ |

# सञ्चय कोष र त्रिभुवन विश्वविद्यालयबीच सम्झौता

त्रिभुवन विश्वविद्यालयका शिक्षक तथा कर्मचारीको सञ्चय कोष रकम कर्मचारी सञ्चय कोषमा जम्मा गर्ने सहमति भएको छ । त्रिभुवन विश्वविद्यालयका रजिष्ट्रार प्रा.डा. चन्द्रमणि पौडेल र कोषका प्रशासक कृष्णप्रसाद आचार्यबीच विश्व-विद्यालयमा कार्यरत सम्पूर्ण स्थायी शिक्षक तथा कर्मचारीको रकम सञ्चय कोषमा जम्मा गर्ने सम्बन्धमा कार्यसम्पादन समझदारी भएको हो । गत श्रावणमा सम्पन्न उक्त समझदारीबाट त्रिविमा कार्यरत स्थायी कर्मचारीको सञ्चित रकम कोषमा जम्मा हुने छ ।

कोषले कर्मचारी सञ्चय कोष ऐन २०१९ र प्रचलित नियमअनुसार सो सञ्चित रकमको व्यवस्थापन गर्ने समझदारीमा बताइएको छ, भने यही वर्षको श्रावण महिनादेखि नियमित रुपमा त्रिविविले आफना कर्मचारीको सञ्चय कोष कट्टि कोषमा पठाउने छ । समझदारीमा उल्लेखित अवधी अगाडिको रकम हस्तान्तरण कसरी र कुन प्रक्रियाबाट गर्ने भन्ने विषयमा कोष र त्रिविविका पदाधिकारीहरुले आपसी समझदारीमा तय गरिने समेत उल्लेख छ ।

विधिवत रुपमा सञ्चित रकम कोषमा जम्मा हुने भएपछि विश्वविद्यालयका सम्पूर्ण शिक्षक तथा कर्मचारीलाई कोषबाट उपलब्ध गराईएको सबै प्रकारका सेवा तथा सुविधा प्राप्त गर्न सक्ने छन् । साथै विश्वविद्यालयजस्तो गरिमामय संस्था कोषमा आवद्ध हुँदा र विश्वविद्यालयले कोष जस्तो प्रतिष्ठित संस्थामा कोष रकम हस्तान्तरण गर्दा दुबै पक्षको साख अभिवृद्धि हुने अपेक्षा गरिएको छ ।



किर्तिपुर, काठमाण्डौस्थित त्रिभुवन विश्वविद्यालयको केन्द्रीय कार्यालय भवन

## पोखरा शाखाबाट शैक्षिक सापटी

कर्मचारी सञ्चय कोष, पोखरा शाखाले माघ १ गतेदेखि शैक्षिक सापटी वितरण सुरु गरेको छ । यसअघि कोषको उक्त कार्यक्रमलाई लिएर स्थानिय सञ्चार माध्यमहरुले प्रमुखताका साथ समाचार प्रवाह गरेका थिए ।

शैक्षिक सापटी सुविधा अन्तर्गत सञ्चयकर्ताले आफु वा श्रीमति वा छोराछोरीको एमबीबीएस र एमडी विषयको अध्ययनका लागि पच्चिस लाख र अन्य विषयको अध्ययनका लागि विदेशको हकमा बीस लाख र स्वदेशको हकमा १० लाख रुपैयाँ प्राप्त गर्न सक्छन् ।



यो सुविधा प्राप्त गर्न सञ्चयकर्ताको न्युनतम दुई वर्ष वा सो भन्दा बढी अवधीको कोष कट्टी रकम कोषमा जम्मा भइसकेको हुनुपर्छ । उमेर वा पदावधीको आधार मा अवकाश हुन तीन वर्ष सेवा अवधी बाँकी रहेका सञ्चयकर्ताहरुले पनि यो सापटी सुविधा प्राप्त गर्न सक्छन् । सापटी प्राप्त गर्नका लागि कर्मचारी वा परिवारका एक सदस्यको नाममा रहेको घरजग्गा धितो राख्नुपर्ने प्रबन्धक विष्णु पौडेलले बताए । पौडेलका अनुसार हाल सापटी प्रयोजनका लागि सञ्चयकर्ताले पोखरा उपमहानगरपालिका, लेखनाथ र शुक्ला गण्डकी नगरपालिका क्षेत्रमा रहेको घर तथा जग्गा मात्र धितो राख्न सक्ने छन् ।

१५ वर्ष अवधि रहेको शैक्षिक सापटी सुविधाको उपभोग गर्ने सञ्चयकर्ताले नियमित त्रैमासिक रुपमा व्याज र साँवाको भुक्तान गर्नुपर्ने हुन्छ । सापटीको प्रवाह तथा असुली प्रकृयाको बारेमा प्रडक्ट परिचयमा विस्तृत रुपमा उल्लेख गरिएको छ ।

## शैक्षिक सापटीको विस्तार

हाल सञ्चयकर्ता कर्जा तथा असुली विभाग काठमाडौंबाट प्रवाह गरिँदै आएको शैक्षिक सापटी शाखा कार्यालय विराटनगर, हेटौडा, बुटवल र धनगढीबाट समेत प्रवाह हुने भएको छ । कोषद्वारा पुष ३० गते जारी परिपत्र नं ९५८ अनुसार जिल्लास्थित शाखा कार्यालयबाट प्रवाह हुने यो सेवा यही माघ १ गतेदेखि सुरु गरिएको हो । कोषले सञ्चयकर्ता स्वयं वा सञ्चयकर्ताको पति/पत्नी/छोरा/छोरीलाई उच्च शिक्षा अध्ययन गर्नका लागि २०५८ सालदेखी यो सापटी सुविधा प्रदान गर्दै आएको छ ।

## सञ्चयकर्ताहरुलाई मुनाफा वितरण

कर्मचारी सञ्चय कोषले कोषका सञ्चयकर्ता कर्मचारीको आर्थिक वर्ष २०७०/७१ को सञ्चय कोष शुरु मौज्दातमा ०.८५ प्रतिशतका दरले मुनाफा दिने निर्णय गरेको छ । कोष सञ्चालक समितिको मिति २०७१।९।२२ को बैठक नं १४३६ अनुसार सो मुनाफा बाँडफाँड गरिएको हो ।

कोषको आव २०७०/७१ को लेखा परिक्षण पश्चात उक्त आवमा आर्जन गरेको नाफाबाट सञ्चयकर्ताहरुको २०७१ श्रावणमा रहेको शुरु मौज्दात रकममा ०.८५ प्रतिशतका दरले मुनाफा रकम जम्मा गरि सकेको कोषले जनाएको छ ।

२०७० साल श्रावणदेखि नोकरीबाट अवकाश भएर सञ्चय कोष रकम भुक्तानी लगिसकेका सञ्चयकर्ताहरुलाई समेत उक्त मुनाफा रकम प्रदान गरिने कोषले जनाएको छ । ०७० श्रावण देखि ०७१ पौष २३ सम्म कोषबाट सञ्चयकोष रकम भुक्तानी लगिसकेका सञ्चयकर्ताहरुलाई कोषको ठमेलस्थित कार्यालय, सिंहदरबार सेवा केन्द्र र कोषको जिल्लास्थित शाखा कार्यालयहरुमा सम्पर्क राखी मुनाफा रकम भुक्तानी लिन समेत कोषले अनुरोध गरेको छ ।




## माथिल्लो तामाकोशीको सेयर बाँडफाँड

माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको लागि पहिलो चरणमा सेयर रकम जम्मा गरेका लगानीकर्ताहरुलाई सेयर बाँडफाँड गरिएको छ ।

२०७२ जेठ २९ गते कर्मचारी सञ्चय कोषमा रकम जम्मा गर्ने सञ्चयकर्ताहरुको लागि १,८२,९९,५२० कित्ता, कम्पनी लाई ऋण प्रदान गर्ने सँस्थाका कर्मचारीहरुका लागि ३०,४९,९२० कित्ता र कम्पनी तथा विद्युत प्राधिकरणका कर्मचारीहरुका लागि ४०,६६,५६० कित्ता शेयर बाँडफाँड गरिएको हो ।

सेयर बाँडफाँड प्रबन्धकको रुपमा रहेको नागरिक लगानी कोषका अनुसार आयोजनाका लागि ऋण सम्झौता हुँदाका बखत कर्मचारी सञ्चय कोषमा रकम जम्मा गरेका सञ्चयकर्ताहरु, कम्पनीलाई ऋण प्रदान गर्ने संस्थाका कर्मचारीहरु तथा कम्पनी र नेपाल विद्युत प्राधिकरणका कर्मचारीहरुका लागि पहिलो चरणमा साधारण सेयर निष्काशन गरिएको थियो ।

कोषले २०७१ फागुन ११ गते उल्लेखित संस्थाका कर्मचारीहरु लगायत २०६७ साउन १४ गते सम्म कोषमा रकम जम्मा गर्ने सञ्चयकर्ताहरुका लागि २,५४,१६,००० कित्ता सेयरका लागि सेयर आह्वान पत्र सार्वजनिक गरेको थियो ।

# कोषमा कार्यरत कर्मचारी युनियनहरुको गतिविधि

कोषमा कार्यरत विभिन्न तीन युनियनहरु कर्मचारी सञ्चय कोष, कर्मचारी सँघ, नेपाल वित्तीय संस्था कर्मचारी सँग र राष्ट्रिय कर्मचारी सँगठनले कोषमा विविध प्रकारका गतिविधिहरु सञ्चालन गर्दै आएका छन । युनियनहरुले श्रमजिवी कर्मचारीका पक्षमा कोषभित्र र बाहिर विभिन्न कार्यक्रमको आयोजना गर्नुका साथै विविध ट्रेड युनियन क्रियाकलापमा समेत संलग्न रहँदै आएका छन् । प्रस्तुत छ, आमकर्मचारीको हितमा युनियनहरुद्वारा सञ्चालित प्रमुख गतिविधिहरु :

## नेपाल वित्तीय संस्था कर्मचारी संघ



वि.सं. २०४७ सालमा स्थापीत नेपाल वित्तीय संस्था कर्मचारी संघले स्थापना कालदेखि हालसम्म मानवअधिकार र ट्रेड युनियन अधिकारको सुनिश्चिततालाई प्राथमिकतामा राखी कार्यरत कर्मचार ीहरुको हितका लागि विभिन्न गतिविधि सञ्चालन गर्दै आएको छ । संघले ०७१ देखि ०७२ सम्म आमकर्मचारीको हितका शन्दर्भमा निम्न प्रमुख कार्यक्रमहरु सञ्चालन गरेको थियो ।

०७२ जेठ १६ र १७ गते चितवनको सौराहामा नेपाल सरकारका उपप्रधानमन्त्री प्रकासमान सिंहको प्रमुख आतिथ्यमा केन्द्रीय सभाको आयोजन गरेको थियो । संविधानसभाका सदश्य माननिय गगन थापाको प्रमुख आतिथ्यमा २०७१ सालको बडा दशैंको अवसरमा काठमाडौंमा आयोजित शुभकामना आदान प्रदान कार्यक्रममा श्रमिक नेता माननिय पुष्कर आचार्य र संघका पूर्व केन्द्रीय सदश्य माणिक मान शाक्यलाई सम्मान गरिएको थियो । संघका सदश्य स्व. दिपक रोक्काका छोरालाई संघबाट सञ्चालित कोषबाट छात्रवृत्ति प्रदान गरिएको थियो । संघका अध्यक्ष धर्मप्रसाद खनालबाट ०७१ मंशिर १९ देखि २७ सम्म दक्षिण अफ्रिकाको केपटाउनमा सम्पन्न चौथो वर्ल्ड काँग्रेसमा सहभागी हुनु भएको थियो ।

नेपाल ट्रेड युनियन काँग्रेस/ नेपाल वित्तीय कर्मचारी संघ राष्ट्रिय समिति र युएनआई नेपाल तथा क्लाश नेपाल लगायतका विभिन्न सँस्थाहरुले सञ्चालन गरेको नेतृत्व विकास र समसामयिक विषयहरुमा संघमा आवद्ध २० जना भन्दा वढीको सहभागिता रहेको थियो । तामाकोशी हाइड्रो पावर कम्पनीको सेयर कार्यरत कर्मचारीहरुलाई वितरण गर्ने सम्बन्धमा उत्पन्न अन्यौलको समाधान गर्न समकक्षी युनियनहरुको सहयोग र प्रयासमा विभिन्न छलफल, गोष्ठि तथा कार्यक्रममा प्रतिनिधिमूलक सहभागिता रहेको थियो ।

## सञ्चय कोष कर्मचारी संघ

वि.सं. २०५१ सालमा स्थापित सञ्चय कोष कर्मचारी संघले स्थापना काल देखि नै आमकर्मचारीहरुको हित र ट्रेड युनियन अधिकारको सुनिश्चितताका लागि अविछिन्न रुपमा कार्य गर्दै आएको छ । संघले ०७१ देखि हालसम्म आमकर्मचारीको हितका सन्दर्भमा निम्न मुख्य कार्यक्रमहरु सञ्चालन गरेको थियो ।

सञ्चय कोष कर्मचारी संघका साथिहरु र संघको तर्फबाट मिति २०७१ कार्तिक २२ गते बुद्धिष्ठ बाल गृह दक्षिणढोका (जोरपाटी)मा संचालन भइरहेको अनाथ बालबालिकाहरुलाई खाद्यान्न लगायत अन्य उपभोग्य वस्तुहरु खरीद गरी सत्ताईस हजार रुपैयाँको चेक उपलब्ध गराइएको थियो ।

२०७२ वैशाख १२, १३ र २९ गते गएको विनाशकारी भूकम्पले पुऱ्याएको घर तथा अन्य क्षतिमा उद्धारको निमित्त पेशागत महासंघको आह्वानमा जेठ १० देखि शुरु भएको १ महिने अभियान कार्यक्रममा सञ्चय कोष कर्मचारी संघका तर्फबाट स्वयम् सेवामा २५ जना कर्मचारीहरुलाई परिचालन गरि एको थियो । २०७२ श्रावण १५ र १६ गते सञ्चय कोष कर्मचारी संघको १५ औं केन्द्रीय परिषद बैठक काभ्रेपलाञ्चोक जिल्लाको सदरमुकाम धुलिखेलमा नेकपा एमाले केन्द्रीय समितीका सचिव तथा पूर्व पर्यटन मन्त्री प्रदीप ज्ञवालीको प्रमुख आतिथ्यमा सम्पन्न भएको भएको थियो ।



२०७० सालको एस.एल.सी. परीक्षामा सफलता प्राप्त गरेका कोषका कर्मचारीका छोरा-छोरीहरुलाई माननीय सभासद तथा नेकपा एमाले केन्द्रीय कमिटीका सचिव क. गोकर्ण विष्टको प्रमुख आतिथ्यतामा २०७१ भाद्र २४ गते शैक्षिक पुरस्कार वितरण गरिएको थियो । उक्त कार्यक्रममा छात्रा तर्फ प्रथम, द्वितीय र तृत्तीय हुने क्रमशः आहुती रिमाल, इरु बज्राचार्य र अनुज्ञा प्रधान तथा छात्रतर्फ प्रथम, द्वितीय र तृत्तीय हुने क्रमशः राजेन्द्र महत, सन्देश के.सी. र सुशान तुलाधर लाई नगद पुरस्कार समेत २८ जनालाई प्रमाणपत्र प्रदान गरिएको थियो ।

## नेपाल राष्ट्रिय कर्मचारी संगठन

मिति २०६४/१०/१८ मा स्थापना भई कोषभित्रका सम्पूर्ण कर्मचारीहरुको हित र ट्रेड युनियन अधिकारका लागि समर्पीत नेपाल राष्ट्रिय कर्मचारी संगठनले विभिन्न क्रियाकलाप गर्दै आईरहेको छ ।

संगठनले मिति २०७१ साल मंसीर ५ र ६ गते नुवाकोट जिल्लाको बट्टारमा तेश्रो केन्द्रीय सभाको आयोजना गरेको थियो । प्रमुख आमन्त्रित कोषका प्रशासक श्री कृष्णप्रसाद



आचार्यज्यूबाट उद्घाटित सभामा कोषका कर्मचारी एवं विभिन्न संघसँस्थाका प्रतिनिधिका उपस्थिति रहेको थियो । सभाले कोषको संस्थागत एवम् संगठनको आन्तरिक विषयउपर गम्भीर बहस गर्दै समसामयिक तथा दीर्घकालीन महत्वका २४ बुँदे प्रस्ताव पारित गरेको थियो ।

संगठनले आफ्नो स्थापनाको आठौं वर्षमा प्रवेश गरेको अवसरमा मिति २०७१ चैत्र १६ का दिन कोषको ठमेलस्थित भवनमा शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रमको आयोजना गरेको थियो । केन्द्रीय समितिका अध्यक्ष श्री शंकरप्रसाद अर्यालको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा विभिन्न आमन्त्रित र कर्मचार ीहरुको सहभागिता रहेको थियो । सो अवसरमा कोषको ठमेलस्थित संगठनको कार्यालय परिसरमा निःशुल्क वाईफाइ सेवा प्रारम्भ गरिएको थियो । कोषको सेवामा हालै प्रवेश गर्नुभएका नवनियुक्त कर्मचारीहरुको स्वागतार्थ संगठनको केन्द्रीय समितिले विभिन्न चरणमा स्वागत कार्यक्रमको आयोजना गरेको थियो ।

शाखा कार्यालयहरुमा कार्यरत कर्मचारीसँग साक्षात्कार र शाखा कार्यालयको विभिन्न पक्षमा अध्ययन तथा रिपोर्टिङ्गका लागि संगठनको एक ४ सदस्यीय प्रतिनिधि टोलीद्वारा २०७२ श्रावणको अन्तिम साता पोखरा, बुटवल र हेटौंडास्थित शाखा कार्यालयहरुको भ्रमण गरिएको थियो ।

२०७२ वैशाख १२ गते र वैशाख २९ गते मुलुकका मध्य तथा पश्चिमी क्षेत्रमा गएको महाविनाशकारी भुकम्पमा परी प्रभावित प्रभावित भएका कोष कर्मचारी एवं सञ्चयर्ताहरुका निम्ति संगठनले एक प्राविधिक टोली गठन गरी आवास संरचनाको Rapid Damage Assessment सेवा प्रदान गर्दै आएको छ ।

कोषमा रिक्त प्रमुख सहायक पदमा दरखास्त दिने आवेदकहरुका लागि संगठनले कोषका विज्ञ व्यक्तित्वहरुको सहयोगमा थापाथली इन्जिनियरिङ्ग क्याम्पसमा एक महिने तयारी कक्षा सञ्चालन गरेको थियो ।

कोषका कर्मचारीहरुको सुवास्थ एवं तन्दुरस्तताका लागि स्पोर्टस्म्यानशिप एटिच्युडको विकास होस भन्ने उद्देश्यले कार्यरत कर्मचारीहरुको सहभागितामा संगठनले दुई दिवसीय मैत्रीपूर्ण क्रिकेट कार्यक्रमको आयोजना गरेको थियो, दुवै खेलमा कोष व्यवस्थापन-११ को टोली विजयी भएको थियो ।

## सञ्चय कोष औषधोपचार सहयोग कार्यक्रम, २०७०

सञ्चयकर्ताको हित र सुविधाको लागि कोषले २०७० साल वैशाख देखि यो कार्यक्रम संचालन गरिएको छ । यस कार्यक्रम अन्तर्गत कोषले तोकेको अस्पतालमा उपचार गराए वापत अधिकतम रु १५ हजार सम्म तथा कडा रोगको उपचार गराएवापत रु ३५ हजार सम्मको रकम सञ्चयकर्ताले कोषवाट शोधभर्ना स्वरुप पाउने व्यवस्था गरिएको छ । यो सुविधा पाउन दुई वर्ष सेवा अवधि पुगनु पर्ने र नोकरी अवधिमा ३ पटकसम्म प्राप्त गर्न सक्नेछ ।

**कर्मचारी सञ्चयकोष स्थापनाको ५४ औं वर्ष प्रवेशको अवसरमा**
**सदाझैं समस्त सञ्चयकर्ताको सन्तुष्टिप्रति दृढ रहने संकल्प सहित**
**कोषले प्रदान गर्ने सेवा र सुविधालाई प्रभावकारी बनाउने प्रण गर्दछौं ।**

**१. सञ्चयकर्ता संख्या :** करिब ५ लाख

**२. कोषकट्टी गरी पठाउने कार्यालय संख्या :** करिब ३0,000

**३. कोषका कार्यालयहरु :**

- केन्द्रीय कार्यालय, पुल्चोक, ललितपुर
- ठमेल कार्यालय (Operation Office) (सञ्चय कोषकट्टी रकमको लेखांकन र सञ्चयकर्ता सापटी र कर्जा प्रदान हुने कार्यालय)
- शाखा कार्यालयहरु : धनकुटा, विराटनगर, हेटौंडा, पोखरा, बुटवल, कोहलपुर, सुर्खेत, धनगढी
- सेवा केन्द्रः सिंहदरवार, काठमाडौं र केन्द्रीय कार्यालय पुल्चोक ,ललितपुर

**४. कोषको वित्तीय अवस्था :** (२०७२ आषाढ मसान्त सम्मको लेखापरीक्षण सम्पन्न हुन बाँकी)

सञ्चय कोष : १,८९६९.८३ करोड
जगेडा कोष : ३९९.३३ करोड
अन्य दायित्व तथा व्यवस्था : २२१.२0 करोड

लगानी :

वाणिज्य बैंकहरुमा मुद्दति निक्षेप : ३,६८७.00करोड
परियोजनाकर्जा : २,५५७.१३ करोड
सरकारी ऋणपत्र तथाबचतपत्र : १५२२.६४ करोड
सञ्चयकर्ता सापटीः १0,६७४.७५करोड
शेयर लगानी : २२२.0५करोड
भवन, आवास र स्थायी सम्पत्तिमा लगानी : १0९.00 करोड
अन्य सम्पति : ८१७.७९ करोड

**५. कोषबाट सञ्चयकर्तालाई उपलब्ध सेवाहरु :**

(क) सञ्चित रकमा व्याज प्रदान : हालको व्याजदर ६.७५ प्रतिशत (२०७२ श्रावण १ गतेदेखि)

(ख) मुनाफाः 0.८५ प्रतिशत (आर्थिक वर्ष २0७0/७१ को सञ्चयकोष शुरु मौज्दातमा)

(ग) सापटी सुविधाहरु :

- विशेष सापटी : कोषकट्टी खातामा जम्मा भएको रकमको ९0 प्रतिशतसम्म,
- घर सापटी : घर निर्माण वा घर/अपार्टमेन्ट खरिद गर्न घर जग्गाको धितोमा अधिकतम १0 वर्षको शुरु तलब बराबर,
- शैक्षिक ऋण : घर जग्गाको धितोमा सञ्चयकर्ता वा निजको श्रीमान्/श्रीमती/ छोरा/छोरीको उच्च शिक्षा अध्ययन गर्न स्वदेशका लागि अधिकतमरु. १0 लाख र विदेशका लागि अधिकतमरु. २0 लाखसम्म तर एम.बी.बी.एस./एम.डी. को लागि रु. २५ लाख सम्म,
- सञ्चयकर्ता सरल चक्रकर्जा : घर जग्गाको धितोमा न्यूनतम रु. ५ लाख र अधिकतम रु. २0 लाख ।

(घ) सामाजिक सुरक्षा सुविधाहरु :

- दुर्घटना क्षतिपूर्ति योजना : सेवाकालमा सञ्चयकर्ताको दुर्घटनामा परी मृत्यु भएमा वा पूर्ण अंगभंग भएमा रु. १ लाख,
- काजकिरिया अनुदान योजना : सेवाकालमा सञ्चयकर्ताको मृत्यु भएमा रु. २५ हजार,
- सञ्चयकर्ता औषधोपचार सहयोग कार्यक्रम, २0७0 : साधारण उपचारमा रु. १५ हजार र कडा रोगको उपचारमा रु. ३५ हजार सम्म ।

(ङ)अन्य सुविधा :

कोषले ऋण लगानी गरेका कम्पनीहरुको शेयरमा सञ्चयकर्तालाई सहभागीता गराइएको (अपर तामाकोशी हाइड्रोपावर लिमिटेडमा शेयर प्रदान भई सकेको र अन्य कोषले ऋण लगानी गरेका/गर्ने परियोजनामा शेयर प्रदान गर्दै जाने)।

**६. कोषको प्रतिबद्धता :**

- कोषको दीर्घकालीन वित्तीय स्रोतलाई पूर्वाधार विकासको क्षेत्रमा उपयोग गरी राष्ट्रको आर्थिक विकासमा योगदानगर्ने,
- प्रभावकारी स्रोत व्यवस्थापन र मितव्ययी कार्य सञ्चालनको माध्यमबाट सञ्चयकर्तालाई सन्तुष्टि प्रदानगर्ने,
- सूचना तथा सञ्चार प्रविधिमा आधारित गुणस्तरीय सेवाको माध्यमबाट सञ्चयकर्तालाई सन्तुष्टि प्रदानगर्ने,
- सामाजिक सुरक्षा कार्यक्रम र दायरा विस्तारको माध्यमबाट सामाजिक सुरक्षाको क्षेत्रमाकोषको पहुँच र योगदानमा विस्तार गर्ने,
- दक्ष एवं उच्च मनोवलयुक्त कर्मचारीहरुको सहकार्य र सामूहिक प्रयासको माध्यमबाट कोषलाई उत्कृष्ठ सामाजिक सुरक्षा संस्थाको रुपमा विकास गर्ने ।


सम्पादन समूह

संयोजक :
विभागिय प्रमुख श्री लक्ष्मीप्रसाद श्रेष्ठ

सदस्य मण्डल :
का.मु.ना.मु.अ. श्री रोचन श्रेष्ठ,
बरिष्ठ प्रबन्धक श्री जीवनकुमार कट्वाल,
बरिष्ठ प्रबन्धक श्री हेमन्तराज अधिकारी,
शाखा अधिकृत श्री ओजस्वी गौतम



**कर्मचारी सञ्चय कोष**
केन्द्रीय कार्यालय, पुल्चोक, ललितपुर
फोन नं. : 0१ ५0१0१८0
website : www.epfnepal.com.np



लेआउट/ डिजाईन : राजेन्द्रविक्रम केसी